लेखापरीक्षण प्रतिवेदन

अन्नपूर्ण गाउँपालिका, कास्की

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

अन्नपूर्ण गाउँपालिका, कास्की

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/566

श्रीमान् अध्यक्षज्यू,

अन्नपूर्ण गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, कास्की ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83

मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/566

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

अन्नपूर्ण गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

कास्की ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौ हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकालेअन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको लेखापरीक्षणबाट रु. ८ लाख ७३ हजार ३३१ बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ६ लाख ७५ हजार ३३१ फस्योंट भई पेश्की बाँकी रु. १ लाख ९८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१० करोड ५६ लाख २२ हजार ३८२ मध्ये रु. १ करोड ९७ लाख ४१ हजार ८६७ फस्योंट भई यस वर्षको रु १ लाख ९८ हजार थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ८ करोड ६० लाख ७८ हजार ५१५ बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या				दफा संख्या			असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
११०	१०	८,७३,३३१	०	८	६,७५,३३१	०	११०	२	१,९८,०००	०	०	०	०	०	०	१,९८,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कास्की	१०,५६,२२,३८२	0	१,९७,४१,८६७	८,५८,८०,५१५	0	१,९८,०००	८,६०,७८,५१५

बेरुजु सम्परीक्षणको विवरण

क.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	पारिश्रमिक करकट्टीः	२४,०८१
२	२०८१/८२	निशुल्क पाठ्यपुस्तकः	६,०५०
३	२०८१/८२	चालु खर्च परीक्षण :	५,६०,०००
४	२०८१/८२	गरिबी निवारणको लघुउद्यम कार्यक्रमः	८५,२००

		जम्मा	६,७५,३३१
५	२०८०/८१	समानीकरणबाट शिक्षकको तलब भत्ता	७,७३,७२६
६	२०८०/८१	शीर्षक फरक पारी खर्च	३४,४१,८४६
७	२०८०/८१	बैठक भत्ता	५,१९,५००
८	२०८०/८१	प्रशिक्षकलाई दोहोरो सुविधा	६७,५००
९	२०८०/८१	औषधि खरिद	१४,४२,३७६
१०	२०८०/८१	उपभोक्ता समितिबाट गराएको काम	११,१४,९२५
११	२०८०/८१	आन्तरिक लेखापरीक्षणबाट कायम ब्यहोराहरु	५,६०,०००
१२	२०८०/८१	अन्य कार्यालयको खर्च	१९,७७,८११
		जम्मा	९८,९७,६८४
१३	२०७९/८०	शीर्षक फरक पारी खर्चः	८,२२,९५६
१४	२०७९/८०	फोटो भिडियो निर्माणः	४४,३२५
१५	२०७९/८०	ठेक्का व्यवस्थापन	६,५८,२२५
१६	२०७९/८०	उपभोक्ता समितितर्फः	८३,१८,६७७
		जम्मा	९८,४४,१८३
जम्मा			२,०४,१७,१९८

अन्नपूर्ण गाउँपालिका, कास्की

(८०४३९५०१३००)

अन्नपूर्ण गाउँपालिका , कास्की

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । पालिकाले कृषि पर्यटन र पुर्वाधार अन्नपुर्ण सम्वृद्धिको आधार नारा सहित क्रियाकलाप सञ्चालन गरेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल ४१७.७४ वर्ग किलोमिटर, २२०९९ जनसंख्या तथा ५७.९२ प्रतिवर्ग किमि जनघनत्व र ५५६८ घरधुरी रहेको छ । राष्ट्रिय सडकको लम्बाई २४ किमि, जिल्ला सडकको लम्बाई ५९ किमि, गाउँपालिकास्तरिय २३८ किमि सडकको अवस्था रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।२९ देखि २०८२।११।०५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबारतर्फ गरी जम्मा रु १ अर्व ५१ करोड ९८

लाख ७४ हजार ०३८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १७६३६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	विद्यालयबाट घटी कर कट्टा भएकोमा दाखिला भएको ।	१७६३६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षणः**

२.१ **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ भने सुत्रानुसारको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन अनुसुचीमा राखिएको छ।

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		३१८०११७८.८६	**चालु खर्च**		३८४०५४५४७.९५
१.संचित कोष	१५३७५८८६.६७		१. पालिका तर्फ	११६१५१५६४.८०	
२.धरौटी	७९९०९५१.००		२. संघीय सशर्त	२६७९०२९८३.१५	
३.कार्यसञ्चालन कोष	८४३४३४१.१९		३. संघीय विशेष		
४. अन्य कोष			४. प्रदेश सशर्त	०.००	
यस वर्षको आय		१९९४९४९५.७६	५. प्रदेश विशेष		
१.आन्तरिक आय	१९९४९४९५.७६		**पुँजीगत खर्च**		१५१३५८५२२.००
२. वित्तीय हस्तान्तरण (संघ)		५०५६५६८१६.०८	**१. पालिका तर्फ**	१२३०१७३७१.००	
क) समानीकरण अनुदान	९१११७६८०.००		**२. संघीय सशर्त**	१००००००.००	
ख) राजस्व बाँडफाँट	९७९४९८९७.०५		**३. संघीय विशेष**	७३३४५०३.००	
ग) सशर्त अनुदान	२९४३६११६०.००		४. संघीय समपुरक	१०३७४९४८.००	
घ) समपुरक अनुदान	१०६०१०१०.००		५. प्रदेश सशर्त		
ङ) विशेष अनुदान	८७३४६५३.००		६. प्रदेश विशेष	४००००००.००	
च) रोयल्टी	२८९२४१६.०३		७. प्रदेश समपुरक	५६३१७००.००	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१७९२७४६३७.००
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३२९७९७८७.४२	क) सामाजिक सुरक्षा	१७४४१३८७८.००	
क) समानीकरण अनुदान	१२६२८७५०.००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(चालु)	२०६००००.००	
ख) राजस्व बाँडफाँट	७६६३८०१.४२		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(पुजिगत)	२८००७५९.००	
ग) सशर्त अनुदान			घ) विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)	०.००	
घ) समपुरक अनुदान	५६३१७००.००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
ङ) विशेष अनुदान	४००००००.००		ऋण फिर्ता(साँवा)		
च) रोयल्टी		०.००	**ऋणको ब्याज भुक्तानी**		
छ) अन्य राजश्व बाडफाड स्थानीय	३०५५५३६.००	०.००	**धरौटी फिर्ता तथा सदर स्याहा**	३९६७३८५.००	३९६७३८५.००
			कार्यसञ्चालन कोषबाट भएको खर्च	१५०४८७३१.२६	१५०४८७३१.२६
४. अन्तर सरकारी अख्तियारी (संघ)		१७९२७४६३७.००	**अन्य कोषबाट भएको खर्च**		
क) सामाजिक सुरक्षा	१७४४१३८७८.००		**गैरसरकारी संस्थाबाट**		

			सञ्चालित योजना		
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(चालु)	२०६००००.००		**अन्य सहयोगमा सञ्चालित योजना**		
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(पुजिगत)	२८००७५९.००		**अन्य खर्च भएमा**		
घ) विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)	०.००				
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			**अनुदान फिर्ता**		
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		२७०८४३८८.८८
७. धरौटी आय	३५०३०६१.००	३५०३०६१.००	क) सशर्त अनुदान	२५४५८१७६.८८	
८. कार्यसञ्चालन कोष आय	१७७२२०२८.९६	१७७२२०२८.९६	ख) विशेष अनुदान	१४००१५०.००	
९. अन्य कोषको आय			ग) समपुरक अनुदान	२२६०६२.००	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			**२. प्रदेश तर्फ**		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान		
१२. अन्य आय भएमा			ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		३००९८७९२.९९
			१. संचित कोषको मौज्दात	११४६४५२७.१०	
			२. धरौटी	७५२६६२७.००	
			३. कार्यसञ्चालनकोष	१११०७६३८.८९	
			४. अन्यकोष		
जम्मा		७९०८८७००५.०८	**जम्मा**		७९०८८७००५.०८

स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषबाट भएको खर्च तथा खर्च नभइ बाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले समेत आय व्ययको यथार्थ चित्रण गर्नुपर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको देखिएन ।

एकिकृत आर्थिक संकेत वर्गीकरण तथा व्याख्या, २०७४ अनुसार चालू र पुजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालु शीर्षकबाट गर्नुपर्नेमा कतिपय पुँजीगत शिर्षक र पुँजीगत शीर्षकबाट गर्नुपर्नेमा चालु शिर्षकबाट खर्च भएकोले उक्त व्याख्या अनुसार बजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था देखिदैन।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।

शीर्षक	रकम रु	कैफियत
क) सामाजिक सुरक्षा	१७४४१३८७८.०	
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(चालु)	२०६००००.०	
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(पुजिगत)	२८००७५९.०	
जम्मा	**१७९२७४६३७.०**	

पालिकाले ज्येष्ठ नागरिक सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको रु.१७४४१३८७८.० स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२०६००००.० सहित जम्मा रु.१७९२७४६३७.० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको आर्थिक अवस्था यथार्थपरक बनाउनुपर्दछ ।

२.३ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	९०१५८२०.१	११४६४५२७.१	२४४८७०७.०
विविध खर्च खाता	११०७११३९.९	११०७११३९.९	०.०
विपद व्यवस्थापन खाता	३६४९९.०	३६४९९.०	०.०
धरौटी	७५२६६२७.०	७५२६६२७.०	०.०
बैङ्क	२७६५००८६.०	३००९८७९३.०	२४४८७०७.०
जम्मा			**२४४८७०७.०**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक देखिएकाले समयमा नै हिसाब मिलान गर्ने कार्य गर्नुपर्दछ ।

२.४ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६३८१६२५.०, यस वर्षको प्राप्ति रु.२२३६५११९८.०, यस वर्षको भुक्तानी रु.२२५३७५१४२.० र बैङ्क मौज्दात रु.२४४८७०७.० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२५४१९५५४.०	५३५४३४६२८.०	५३५४१३०७०.०	२७६५००८६.०
एकीकृत आर्थिक विवरणअनुसार	३१८०११७९.०	७५९०८५८२६.०	२२५३७५१४२.०	२४४८७०७.०
फरक	६३८१६२५.०	२२३६५११९८.०	२२५३७५१४२.०	२४४८७०७.०

२.५ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको प्रतिवेदन अनुसार रु.३१८०११७९.० मौज्दात रहेकोमा यो वर्ष रु.३१८०११७९.० जिम्मेवारी सारेको छ । सुत्रानुसार रु.२५४१९५५४.० रहेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६३८१६२५.० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ सञ्चित कोषमा स्थानान्तरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको स्थानीय तह कोष खाताहरुमा रु.२४४८७०७.० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ **अनुदान प्राप्ति, फिर्ता र उपयोगः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा हस्तान्तण भएको अनुदानमध्ये सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । संघीय सरकारलाई फिर्ता गर्नुपर्ने देहायको रकम फिर्ता गरेको छ । खर्च हुन नसकेका अनुदान रकम पुरै खर्च गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम	कैफियत
संघीय सरकार	सशर्त	२६८९०२९८३.१२	२६८९०२९८३.१२	०.००	
	विशेष	७३३४५०३.००	७३३४५०३.००	०.००	
	समपुरक	१०३७४९४८.००	१०३७४९४८.००		
	समानिकरण	९१११७६८०.००	९०९४६२२२.००	१७१४५८.००	
प्रदेश सरकार	सशर्त	०.००	०.००		
	विशेष	४००००००.००	४००००००.००		
	समपुरक	५६३१७००.००	५६३१७००.००		
	समानिकरण	१२६२८७५०.००	१२०८७०५४.००	५४१६९६.००	
	जम्मा	**३९९९९०५६४.१२**	**३९९२७७४१०.१२**	**७१३१५४.००**	

यस्तै गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४० अनुसार प्रदेश सरकारबाट पालिकालाई हस्तान्तरण भएका उल्लिखित अनुदानहरु मध्ये खर्च हुन नसकी बाँकी रहेको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष प्रदेश सरकारबाट प्राप्त रकम पूर्ण रुपमा खर्च गरेको छ ।

४ **बजेट तथा कार्यक्रमः**

४.१

आवधिक योजनाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४.२ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री चन्द्रकला अधिकारीले मिति २०८१।०३।१० गते ५८ करोड ९५ लाख ६३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा रु ५८ करोड ९५ लाख ६३ हजारको बजेट मिति २०८१।०३ ।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३ ।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने कार्यलाई निरन्तरता दिनुपर्दछ ।

४.३ **खर्च विश्लेषणः** पालिकाले यसवर्ष सुत्रानुसार कुल आन्तरिक आयबाट रु.१४७६९०७६.०, अ.ल्या. रु.१२९२७१८०.०, राजस्व बाँडफाँट रु.१११५६१६५१.० र अनुदानबाट प्रदेश रु.२२२६०४५०.० तथा सघीय अनुदान रु.३७७७३०११४.० समेत रु.५३९२४८४७०.० आम्दानी भएकोमा चालु तर्फ रु.३८४०५४५४८.० र पूँजीगत तर्फ रु.१५१३५८५२२.० समेत रु. ५३५४१३०७०.० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.२६५४०००.० खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ५६ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको सहित रु.५११५५२२१५.० रकमबाट ७५ प्रतिशत चालु र २५ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४.४ **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.५ **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा बजेट नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष स्थानीय सडक मर्मत सम्भार कोषमा रु.३० लाख अबण्डा बजेट व्यवस्था गरी योजनामा रु.३० लाख खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा पूर्ण वित्तीय अनुशासन र पारदर्शिता कायम भएकोमा विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतीमा आधारित बनाउनुपर्दछ । पालिकामा छलफलको क्रममा जटिल भूगोल भएको हुँदा तथा दशै तिहारमा बाटो सफा गर्नुपर्ने जनाएको छ । तथा सो कार्य गर्दा प्रतिस्पर्धात्मक विधिको अवलम्वन गरेको देखिन्छ ।

४.६ **क्षेत्रगत कार्यक्रम तथा खर्च विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार अनुगमन गर्नुपर्दछ।

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१८०५१०००.०	१३९७५०२६.०	२.६१
सामाजिक क्षेत्र	३५३३०२५००.०	३००३००९३७.१	५६.०९
पूर्वाधार विकास क्षेत्र	१४७६१९८८६.७	१३४६९५१४४.०	२५.१६
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१२१०००००.०	९८४१४८९.०	१.८४
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	८७९०००००.०	७६६००४७३.८	१४.३१
जम्मा	६१८९७३३८६.७	५३५४१३०७०.०	१००.००

माथि उल्लिखित तालिका अनुसार सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५६.०९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा न्यून १.८४ प्रतिशत खर्च भएको देखिन्छ । आर्थिक विकासमा क्षेत्रमा २.६१ प्रतिशत, पुर्वाधार विकास क्षेत्रमा २५.१६ प्रतिशत खर्च भएको र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा १४.३१ प्रतिशत देखिन्छ । पूर्वाधार विकास क्षेत्रको बजेट लगायत पूँजीगत काममा विनियोजित बजेटबाट चेतनामूलक तालिम कार्यक्रमजस्ता कार्यक्रम भएको देखिन्छ । पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकिएन । पालिकाले आवश्यकता विश्लेषण गरी बजेट विनियोजन गर्ने र सोही अनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ ।

४.७ **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयबाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूंजीगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ । साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा १५% सम्म रकमान्तर गर्न सक्ने तर पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न ४९ शीर्षकबाट ३ करोड ६१ लाख १४ हजार ५१८ घटाएको तथा ५५ शीर्षकबाट ४ करोड १३ लाख २६ हजार ९०५ बजेट थप गरिएको देखिन्छ । यसरी बजेट रकमान्तर तथा श्रोतान्तर गरिएको अंक सुरुवाती बजेटको तुलनामा १३% हुने देखिन्छ । रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ । कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा बजेट उपशीर्षकअनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ । वर्षान्तमा ठुलो मात्रामा रकमान्तर तथा श्रोतान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुँदा बजेट बनाउदा नै कार्यान्वियन योग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर तथा श्रोतान्तर गर्नुपर्दछ ।

५ कार्यसञ्चालन कोषः

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष बिबिध कोष बिबिध खर्च प्रकोप ब्यवस्थापन कोष जस्ता कोषमा गत वर्षबाट ८४३४३४१ जिम्मेवारी सारेको रु १७७२२०२९ सहित रु.२६१५६३७० आय र रु. १५०४८७३१ खर्च गरी रु. १११०७६३८ मौज्दात देखाएको छ।

कोषको नाम	शुरु मौज्दात	यो वर्ष थप	यो वर्षको खर्च	बाँकी
विविध खर्च खाता	८४२८०५८	१५७२२०२९	१३०७८९४७	११०७११३९
प्रकोप व्यवस्थापन कोष खाता	६२८३	२००००००	१९६९७८४	३६४९९
जम्मा	**८४३४३४१**	**१७७२२०२९**	**१५०४८७३१**	**१११०७६३८**

यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पर्न आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।

६ विज्ञापन प्रकाशन तथा प्रसारण कार्यः

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरिएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका चालूतर्फ रु.१२०००००.० बजेट व्यवस्थापन गरी रु.१०२४८८५.० खर्च गरेको देखियो । उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम विज्ञापन बोर्ड मार्फत गराएको देखिएन । साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु.३०७४७.० बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन । पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ । साथै गोरखापत्रले वार्षिक रुपमा सरकारी निकायबाट प्रकाशन हुने विज्ञापनमा २५ देखि ४० प्रतिशत सम्म छुट दिने व्यवस्था गरे बमोजिम अन्य सरकारी निकायले उक्त छुट प्राप्त गरेको छ भने पालिकाले बाट २५ प्रतिशत छुट प्राप्तको प्राप्त गरेको देखिन्छ । कानून बमोजिम सुचना प्रकाशन गर्दा विज्ञापन बोर्डबाट गराई मितव्ययी खर्च प्रणाली अवलम्बन गर्नुपर्दछ ।

७ **सेवप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण लेखापरीक्षणका क्रममा माग भएपनि पेश भएन । आंशिकरुपमा प्राप्त विवरण तलको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवा प्रवाहलाई अभिलेखिकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ ।

१	**पञ्जिकरणतर्फ**	जम्मा	**२**	**पूर्वाधार विकास सडक निर्माण**	जम्मा
क	जन्मदर्ता	६११	क	ढलान सडक निर्माण	
ख	मृत्युदर्ता	२६२	ख	शौचालय मर्मत	
ग	बसाईसराई दर्ता	६३	ग	खानेपानी धारा निर्माण / टंकी निर्माण	२
घ	विवाह दर्ता	३१३	घ	विद्यालय मर्मत	१
ङ	सम्बन्धविच्छेद दर्ता	८०	**३**	**स्वास्थ्य संस्था निर्माण**	३

८ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहोरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । जिल्ला सदरमुकामको नजिकको पालिका भएको हुँदा मानवीय घनत्व पनि बढी नै हुन्छ । यस पालिकामा नाग डाँडा, काँडे, नयाँपुल, विरेठाँटी, घानरुख, स्याउली बजार लगायताका बजार विस्तार हुने क्रममा छन । यस कार्यलाई अघि बढाउन पालिकाले कुनै पहल गरेको पाईएन । फोहोरमैलाको उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी पर्याप्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

९ **कानून निर्माण एवम् कार्यान्वयनः**

९.१ **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

सि.नं.	विवरण	संख्या
१	ऐन	८
२	नियमावली	३
३	कार्यविधि तथा निर्देशिका	४७
४	अन्य	३
जम्मा		**६१**

पालिकाले आर्थिक वर्ष २०८१।८२ सम्म ८ ऐन, ३ नियमावली ४७ कार्यविधि तथा निर्देशिका र ३ वटा मापदण्ड गरी जम्मा ६१ वटा कानून निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । १७ कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । कतिपय स्थानीय कानूनहरु संघीय र प्रदेश कानूनसँग प्रतिकूल समेत देखिएकाले स्थानीय कानून तर्जुमा गर्दा संघीय र प्रदेश कानुनसँग अनुकूल गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ ।

९.२ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये घरेलु हिंसा ज्याला सम्बन्धी जग्गा सादसिमाना गाली वेईज्यती जस्ता मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यसैगरी ऐनको ३३(२) मा उजुरीको जाँझबुझ गरी ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिन सक्ने तथा ऐनको दफा ३७ मा पालिका प्रमुख सँग उजुरी दिन सक्ने प्रकृति अनुसार यथाशीघ्र निर्देशन व्यवस्था रहेको छ । पालिकामा उजुरी दर्ता तथा फछर्यौटको अवस्था देहाय अनुसार रहेको छः

निर्णयकर्ता	गत वर्षसम्मका विवाद	फस्यौट बाँकी	यस वर्ष दर्ता भएको	जम्मा	यसवर्ष फछर्यौट भएका विवाद	यसवर्षको फछर्यौट हुन बाँकी विवाद
न्यायिक समिति	७१	४	१५	१९	८	११

लेखापरीक्षणको क्रममा न्यायिक समितिको मात्र विवरण अनुसार मुद्दा दर्ता र फछर्यौट कारबाही भएको देखियो । त्यसैले न्यायसम्पादन प्रक्रियालाई अभिलेख व्यवस्थित गरी छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाहीको टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

१० **पेश्की फर्छौट :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपलब्ध गराएको फर्छौट गर्न बाँकी पेश्कीको मास्केवारी तथा म.ले.प.फा.नं. २११ अनुसार म्याद नाघेको रु. १९८००० र गत विगत वर्षको फस्यौट गर्ने वाँकी ७४७५०० समेत आर्थिक वर्षको अन्त्यमा रु ९४५५०० पेश्की फर्छौट गर्न बाँकी देखिन्छ । उक्त पेश्की रकम वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ अनुसार फर्छौट गर्नुपर्दछ । चालु आ.व. को म्याद नाघेको निम्नानुसारको पेश्की रकम नियमावलीमा व्यवस्था भए वमोजिम फरफारक नभएकाले रु.१९८००० फर्छौट गर्नुपर्ने ।

क्र.स.	पेश्की लिने व्यक्तिको नाम	म्याद नाघेको पेश्की रकम	म्याद ननाघेको पेश्की रकम
३	ठाकुर प्रसाद अधिकारी	९००००	
४	एनईए पोखरा डिस्ट्रिवियुसन सेन्टर	१०८०००	
६	एनईए पोखरा डिस्ट्रिवियुसन सेन्टर		३७५०००
७	एनईए पोखरा डिस्ट्रिवियुसन सेन्टर		३७२५००
		१९८०००	७४७५००

पेश्की	१,९८,०००

११ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्:

क्र.सं.	२०८०।८१ को लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित आन्तरिक नियन्त्रण सम्बन्धी व्यहोराहरुः	छ	छैन	आंशिक	कैफियत
१	**बजेट व्यवस्थापन तर्फः**				
	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको	·			
	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको		·		
	स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदीलाई व्यवस्थापन गर्न कार्यसञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वियन गरेको	·			
	स्थानीय तहबाट यसवर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवाप्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको	·			
२	**भ्रमण खर्च व्यवस्थापन तर्फः**				
	भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको तथा नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको	·			
	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरेको		·		
३	**खरिद व्यवस्थापन तर्फः**				
	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवरण पेश गरेको		·		
	स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको		·		
	स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राख्ने गरेको			·	
४	**शिक्षातर्फः**				
	स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको		·		
	शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वियन भएको			·	
	शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको			·	
५	**विविधतर्फ :**				
	मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै दिने गरेको		·		
	कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको		·		
	कार्यालयको आधिकारिक वेबसाईटमा सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु अद्यावधिक गरिराखेको			·	

	पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेता अनुसार प्रयोग भएको सामाग्रीको गुणस्तर परीक्षण गरिएको			·	
	कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको			·	
	मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको		·		
	विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको			·	
	पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/ प्रशारण बापतको बिल भुक्तानी हुदा सम्झौता तथा कार्यादेश संलग्न रहेको			·	
	पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गरेको			·	
	सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको		·		
	निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरेको		·		
	मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रू.२० हजार भन्दा बढ रकमका विभिन्न विलहरू मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको			·	
	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार गत विगतमा वेरुजु औंल्याइएका विषयका समधान र बेरुजु फस्यौटको लागि पहल गरेको			·	

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२ बेरुजुको लगतः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ । पालिकाले बेरुजुको अद्यावधिक लगत, कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन । हाल सम्म रु.११४१४६९४४.० बक्यौता बेरुजु रहेको छ । साथै पालिकाले बेरुजु सम्परीक्षण गर्नेतर्फ ध्यान दिएको देखिएन । बेरुजु र बेरुजु फछ्यौंटको लगत अद्यावधिक राख्नुपर्ने तथा महालेखापरीक्षको प्रतिवेदनमा औंल्याइएका बेरुजुको समयमै सम्परीक्षण गराउनुपर्दछ ।

१३ आन्तरिक लेखापरीक्षणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानिय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरीक्षक र शाखाको व्यवस्था गरेको पाईयो । आन्तरिक लेखापरीक्षकले त्रैमासिक प्रतिवेदन दिनु पर्नेमा सो गरेको पाईएन । वार्षिक लेखापरीक्षण प्रतिवेदनमा बेरुजु वर्गीकरण अनुसार परीक्षण गरी प्रमुख प्रशासकीय अधिकृतलाई बुझएको पाईयो । सीमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सबै कारोवारको परीक्षण गर्न सम्भव हुने स्थिति छैन । कतिपय कारोवार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरीक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ । यस्तो अवस्थामा अन्नपुर्ण गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराउने कार्य उपयुक्त रहेको छ । अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली पनि आधार लिएको छ । आन्तरिक लेखापरीक्षणलाई अझ कार्यदक्षता र व्यवस्थित गर्नुपर्दछ ।

१४ **जिन्सी व्यवस्थापनः**

● पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाँध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान जिन्सी खातामा चढाएको देखिएन ।

● वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।

● वडा कार्यालय तथा पालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मुल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।

● पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेर जिन्सी सामानको अद्यावधिक विवरण राख्नुपर्नेमा सो गरेको छैन ।

● कार्यालयले कतिपय खरिदमा खरिद समिति निर्णय, मुल्याङ्कन समितिको निर्णय बिना नै खरिद गरेको छ । साथै लागत अनुमान, जिन्सी दाखिला, खरिद आदेश, योजनाहरुको नापी किताब, लागत अनुमान लगायतका कागजात प्रमाणित गर्नुपर्ने एवं कतिपय भौचर तथा कागजात, टिप्पणी आदेश लगायतका कागजातहरुमा सम्बन्धित कर्मचारीको नामथर, पद, कार्यालयको छाप स्पष्ट बुझिने र चिनिने गरी उल्लेख गरिएको छैन ।

१५ **सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमनः**

१५.१ सहकारी नियमनः सहकारी ऐन, २०७४ को दफा ७३ र गाउँपालिका सहकारी ऐन, २०७४ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को बुदाँ ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट २६ वटाले विवरण दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा २७ वटा मात्र पेश भएको थियो । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

क्र स	**सहकारी**	**दर्ताभएका**	**कोपोमिसमा आवद्ध**	**बा.ले.प.पेश**
१	बचत तथा ऋण सहकारी	१६	११	११
२	कृषी सहकारी	१६	११	१२
३	उपभोक्ता सहकारी	२	१	१
४	दुग्ध सहकारी	१	१	१
५	बहुउद्धेश्यीय सहकारी	२	२	२
	जम्मा	**३७**	**२६**	**२७**

१५.२ **सहकारी संस्थाको अनुगमनः** गाउँपालिका सहकारी ऐन, २०७४ अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहाकरी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ । आ.व. २०८१।०८२ मा पालिकाले राष्ट्रिय सहकारी बैकको सहयोग लिई पालिकामा रहेका ३७ वटै सहकारी संस्थाको अनुगमन निरीक्षण गरेको पाइयो । सहकारी संस्थाको नियमनकारी निकायको रुपमा रहेको गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको बचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१५.३ **सहकारी बचत तथा कर्जा सुरक्षण कोषः** सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरुको सहभागितामा संस्थाहरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक

सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ । पालिका भित्रका सहकारीहरुको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरी नागरिकहरुको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरी कार्य गरेको पाईएन । तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वियनमा ल्याउनुपर्दछ ।

१५.४ **विघटन र दर्ता खारेज:** गाउँपालिका सहकारी ऐन, २०७४ को दफा ६६ (१-६) मा विघटन र दर्ता खारेजीको व्यवस्थारहेको छ । सो व्यवस्थालाई उल्लंघन गर्ने ३ वटा संस्थाहरु आन्तरिक समस्याको अवस्थामा लामो समयदेखि रहेको छन् । यस बारेमा पालिकाले कारवाहीको पहलको लागि छलफलको क्रममा रहेको जनाएको छ । तसर्थ नागरिकको बचतको सुनिश्चितता गरी खारेजी र विघटन गरी दर्ता प्रमाणपत्र रद्ध गर्ने प्रकृयामा जानुपर्दछ ।

१५.५ **वार्षिक प्रतिवेदन:** गाउँपालिकाले सहकारी ऐनको दफा ७४ मा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण गरि वार्षिक प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस अन्नपुर्ण गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको शेयर पुँजी, बचत, ऋण लगानी, कुल सम्पत्तीको विवरण देहाय बमोजिम रहेको छ ।

सहकारी संस्थाको किसिम	**सहकारी संख्या**	**शेयर सदस्य संख्या**	**शेयर पूँजी रु.**	**बचत रु.**	**ऋण लगानी रु.**	**कुल सम्पत्ति रु.**
बचत तथा ऋण सहकारी संस्था लि.	१६	५५५६	१२२,५३९,०९०।००	२९७,२४७,६५८।८५	४२८,०५८,७४१।१०	५४९,३६३,८६२,।१७
बहुउदेश्यीय सहकारी संस्था लि.	२	५७१	३७,९३६,०००।००	२८,७९४,९१५।७९	४८,६७५,१७२।४७	७७,७९६,५८७।६०
कृषि सहकारी संस्था लि.	१६	२६८२	६६,१७७,०००।००	९८,३१५,५७३।८८	१४८,५९३,२८४।१२	१८१,३७२,३९०।००
उपभेक्ता सहकारी संस्था लि.	२	१३८	१,७९१,०००।००	६९४,६००।००	२,७२३,७१०।००	२,४९४,३१०।००
दुग्ध सहकारी संस्था लि.	१	७०४	३,२६३,८००।००	०	०	२४,२९२,२३२।००
जम्मा	३७	९,६५१	२३१,७०६,८९०।००	४२५,०५२,७४८।५२	६२८,०५०,९०७।	८३५,३१९३८२।५३

आर्थिक वर्ष २०८१।८२ सम्म जम्मा ३७ वटा सहकारी संस्था मध्ये ३४ सहकारी संस्थाको विवरण प्राप्त भएको छ। त्यस्तै पालिकाका कुल ३७ जटा सहकारी संस्थाको शेयर सदस्य संख्या ९,६५१ जना शेयर पुर्जीँ रु. २३१,७०६,८९०.००, शेयर बचत रु. ४२५,०५२,७४८.५२, ऋण लगानी रु. ६२८,०५०,९०७.६९ कुल सम्पत्ती रु. ८३५,३१९,३८२.५३ रहेको छ । विवरण सम्पुर्ण निकायको प्राप्त नहुदाँ पुर्ण रुपमा विश्लेषण गर्न सकिएन। गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका सवै सहकारीबाट नियमित रुपमा वित्तीय विवरण माग गर्ने अनुगमन गर्ने कार्य गरी प्रतिवेदन तयार गरेको नदेखिएकोले गाउँपालिकाको सहकारी ऐन बमोजिम वित्तीय प्रतिवेदन माग गर्ने, अनुगमन गर्ने लगायत तोकिएका कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ । तसर्थ कानुनी व्यवस्था पुर्ण पालना गर्नु पर्दछ।

१६ **वार्षिक खरिद योजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना

बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५१३५८५२२.० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७ **आर्थिक सहायताः**

आर्थिक सहायताः पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १७ संघसंस्था र ६७ व्यक्तिहरुलाई रु. ९ लाख ९८ हजार आर्थिक सहायता वितरण गरेको छ । यो गरिब, विपन्न, दिन दुखी, काज किरिया, महासंघ, फाउनडेसन, समाज, युवा क्लबहरुलाई ५ हजार देखि ५० हजार सम्म दिएको पाईन्छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१४७६९०७६.० को ७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

१८ **पुरातात्विक महत्वका मन्दिर निर्माणः**

प्राचीन स्मारक र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको संरक्षणको निमित्त बनेको प्राचीन स्मारक संरक्षण ऐन २०१३ र नियमावली २०४६ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र भएका पुरातात्विक महत्वका मठमन्दिर, सत्तल, ढुङ्गेधारा, इनार आदिकको पुनर्निर्माण, जीर्णोद्धार, स्तरोन्नती मर्मत गर्दा पुरातत्व विभागको स्वीकृत लिनुपर्ने तथा यस्तो मर्मत, जिर्णोद्धार गर्दा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष का मन्दिरको पुनर्निर्माण गर्न रु.३३९३०००.० विनियोजन गरी रु.१९३४३३.० खर्च गरेको छ । यस्ता पौरणिक महत्वका मन्दिर स्तरोन्नती, छट घाट ढलान, मन्दिर कोठा निर्माण, मन्दिर जिर्णोद्धार कार्यको लागि परीक्षण गरेका भौचरमा संलग्न लागत अनुमान, प्राविधिक नापी तथा उपभोक्ता समितिले पेश गरेका विल विजकहरुमा सिमेन्ट प्रयोग हुने आरसिसि, पिसिसि, प्लाष्टर लगायतका कंक्रिटजन्य संरचना निर्माणको लागि भुक्तानी गरेको देखियो । कानूनमा व्यवस्था भए बमोजिम धार्मीक तथा पौराणिक महत्वका सम्पदाहरुको संरक्षण तथा मर्मत गर्दा पौराणिक महत्व झल्कने तथा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्री प्रयोग भएको छ भन्ने प्रमाण श्रेस्तासँग संलग्न राखेको छैन । यसबाट धार्मीक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको मौलिकता संरक्षीत हुन नसकी मौलिकता परिवर्तन हुने देखिन्छ । यस कार्यमा सुधार गरी कानूनमा भएको व्यवस्था बमोजिम कार्य गराउन पालिकाले ध्यान दिनुपर्दछ ।

१९ **सङ्गठन तथा कर्मचारी व्यवस्थापनः**

१९.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा कार्यालय वडा कार्यालय स्वास्थ्य संस्था लगायतमा सहित १२९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १२० जना स्थायी पदपूर्ती भएको देखिन्छ ।

पद	दरबन्दी				पदपूर्ती				रिक्त	कैफियत
	कार्यालय	वडा तर्फ	स्वास्थ्य संस्था	जम्मा	स्थायी	करार	शर्सतबाट	जम्मा		
प्रमुख प्रशासकीय अधिकृत	१	०	०	१	१	०		१	०	
अधिकृत सातौं/ आठौं	५	०	१	६	५	१	१	६	०	
अधिकृत छैठौं	४	०	६	१०	७	०	३	७	३	
सहायक चौथो/ पाँचौ	२३	२२	३६	८१	५०	२७	१२	७७	४	
श्रेणी विहिन	५	११	१५	३१	१	२८	०	२९	२	
जम्मा	**३८**	**३३**	**५८**	**१२९**	**६४**	**५६**	**१७**	**१२०**	**९**	

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सव इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित ९ पदहरु रिक्त रहेका छन् । शर्सतबाट १७ जना नियुक्ति गरिएको छ । दरबन्दी बमोजिम

जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१९.२ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ५८ स्वास्थ्यकर्मी तथा कर्मचारीको रु.१६२०६५०५.० र ७१ पालिकाका कर्मचारीको रु.२५२६०४०६.० समेत रु.४१४६६९११.० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२० सम्पत्तिको प्राप्ति, उपयोग र संरक्षणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकामा सार्वजनिक सम्पत्तिको प्राप्ति, उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छ ।

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/ प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्या सहित				डाँटा प्राप्त हुन सकेन
सवारी साधन (रु.१ लाखभन्दा बढी)	२०७४/०४/०१ देखी २०८२ असार मसान्त सम्म	२९	१३३२८७०२।९८	३ वटा चारपाङ्ग्रे २३ वटा मो.सा. र ३ वटा स्कुटर
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन		१		साविक ढिकुरपोखरी गाविसबाट हस्तान्तरण भई आएको
अतिक्रमणमा परेको जग्गा	कुनै पनि किसिमको काम भएको छैन।			
अतिक्रमण हटाउन गरेको प्रयास				

पालिका र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति, उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा घर जग्गा क्षेत्रफल र संख्याको प्राप्ति मिति, मुल्य र संख्याको विवरण पेश नभएको, अतिक्रमणमा परेको जग्गा यकिन नभएको अतिक्रमण हटाउन गरेको प्रयास नभएको तथा भोग चलनमा ल्याएको विवरण प्राप्त भएको छैन । ऐन नियम कार्यविधिको व्यवस्था अनुसार सम्पत्तिको प्राप्ति, उपयोग र संरक्षण गर्नुपर्दछ ।

२१ भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलनः

यस सम्बन्धमा लेखापरीक्षण अवधिसम्म भएका कार्यहरु देहाय बमोजिम रहेका छन् । पालिकाले उपलब्ध गराएको विवरण अनुसार सम्बन्धित वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन पालिकामा प्राप्त भएको छ ।

क्र.सं.	विवरण	घरधुरी संख्या
१	भूमिहिन दलित	१०१
२	भूमिहिन सुकुम्बासी	६३
३	अव्यवस्थित बसोबासी	५७६
	जम्मा निवेदन	**७४०**

भूमिहिन दलित १०१ र सुकुम्बासी ६३ तथा अव्यवस्थित बसोबास ५७६ ले गरेका घरधुरी संख्यालाई जग्गा धनी पूर्जा वितरण गर्न पालिकाले कुनै पहल गरेको विवरण पेश भएको छैन । पहिचान भएका भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई उचित व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२२ **खरिद तथा ठेक्का अभिलेखः**

२२.१ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति :** सार्वजनिक निकायले हरेक योजनाको म.ले.प. बाट स्वीकृत फारमका आधारमा अभिलेख व्यवस्थित गरी राख्नु पर्दछ । कार्यालयले यस आर्थिक वर्षमा सञ्चालन गरेका केही योजनाहरु गत बिगतमा केही भुक्तानी भएका र केही अधुरा समेत रहेका छन । एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक वर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले पुन:क्रमागत बजेटमार्फत योजना सञ्चालन गर्दा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढि परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम देखिन्छ । कार्यालयले तर्जुमा गरेको योजना कार्यान्वियन, सम्झौता तथा कार्यान्वियन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्याबधिक राखी तथा यकिन गरि अभिलेख व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले यस वर्ष निर्माण कार्यको मलेपफान ५०१ देखी ५१४ सम्मका फारमहरु व्यवस्थापन गरेर नराखेका कारण यथार्थ अवस्था यकिन गर्न सकिएन । निर्माण कार्यको अभिलेख व्यवस्थित गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने देखिन्छ ।

२२.२ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मुल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । पालिकाले यस वर्षको ठेक्का व्यवस्था भएको ठेक्का कार्यको अभिलेख राखेको देखिन्छ।

२२.३ **कार्य स्वीकार/कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा निर्माण व्यवसायीवाट कार्य स्वीकार प्रतिवेदन लिनु पर्ने र नियम १२५ अनुसार ३० दिन भित्र एज विल्ट नक्सा लिनु पर्ने र नियम ११५(१क) अनुसार त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण कार्यको त्रुटि सच्याउने दायित्व नखुलाई कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार गरेको छ । नियमानुसार कार्यस्वीकार प्रतिवेदन तथा एज विल्ट नक्सा लिने एवं निर्माण व्यवसायीवाट त्रुटि सच्याउने दायित्वको अवधि भित्र त्रुटि सच्याउने दायित्व नरहेको सुनिश्चित हुने अभिलेख तयार गरी कार्यसम्पन्न प्रतिवेदन जारी हुनु पर्दछ ।

२२.४ **पुँजीगत खर्चको अवस्थाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष ५ शिर्षकबाट ३३० योजनामा रु.१५१३५८५२२ खर्च गरेकोमा २९९ योजनामा रु.८०४८४६८१ उपभोक्ता समितिबाट खरिद गरेको छ। कुल खरिद मध्ये कन्टेन्जेन्सीबाट रु. ७३६००० रहेको छ। सोझै, तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

क्र.सं.	उपशीर्षकको नाम	खरिद विधि	संख्या	खर्च रकम
१	अन्तरिक श्रोत तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण	खुला बोलपत्र	९	५२७४६५६५
२		सिलबन्दी दरभाउपत्र	१०	१२१६९९१२
३		सोझै	१२	५२२१३६४
४		उपभोक्ता समिति वा लाभग्राही समुदाय	२९९	८०४८४६८१
५		कन्टीन्जेन्सी		७३६०००
		जम्मा	**३३०**	**१५१३५८५२२**

२३ **पूँजीगत खरिद व्यवस्थापनः**

पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

योजना संख्या	ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम	संख्या	रकम
३३०	९	५२७४६५६५	२९९	८०४८४६८१

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३३० योजनामा मध्ये ठेक्का मार्फत ९ वटा योजनामा रु. ५ करोड २७ लाख ४६ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २९९ योजनामा रु. ८ करोड ०४ लाख ८४ हजार खर्च गरेको छ । अर्थात ३३० योजनामा भएको खर्च मध्ये ३४.८४ प्रतिशत ठेक्का प्रक्रिया र ५३.१७ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका विषयहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

२४ **पारिश्रमिक करकट्टीः**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,०८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **६,३६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **८,६९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **६,९७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२५ **आन्तरिक आयतर्फः**

२५.१ **केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	केन्द्रीय खर्चको तुलनामा आन्तरिक आय प्रतिशत
५३८६३६६०३.५०	२३८८२४१३.४२	४.४३

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.४३ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२५.२ **राजश्व लक्ष्य र असुलीः** पालिकाको आर्थिक वर्ष ०८१।८२ को वार्षिक विकास योजना अनुसार आन्तरिक आयलाई वृद्धि गर्न कर तथा सेवा शुल्कको थप दायराहरु विस्तार गर्दै लगिने, नागरिकहरुमा कर तिर्ने संस्कार निर्माणको लागि कर प्रतिको सचेतना र संवेदनशीलता अभिवृद्धि गरिने उल्लेख गरिएको छ। पालिकाको विगत ३ वर्षको राजश्व लक्ष्य र असुलीको अवस्था देहाय अनुसारको रहेको छ।

रकम रु. हजारमा

आर्थिक वर्ष ०७९।८०			आर्थिक वर्ष ०८०।८१			आर्थिक वर्ष ०८१।८२		
लक्ष्य	सङ्कलन	प्रगति %	लक्ष्य	सङ्कलन	प्रगति %	लक्ष्य	सङ्कलन	प्रगति %
२५०००	२२६८०.७	९०.७२	३००००	१४२९६.३	४७.६५	२९७५०	२३८८२.४	८०.२८

आन्तरिक आयको विश्लेषणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सम्पत्ति कर र भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, वहाल विटौरी लगायत शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा गत यस वर्षको सङ्कलनको स्थिति निम्न छन्।

आय शीर्षक	अनुमान	असुली	असुलीप्रतिशत
भुमिकर/ मालपोत	३५०००००	१८९२६६८.४१	५४.०८
वहाल कर	२००००००	१६४०८४०.८०	८२.०४
पर्यटन शुल्क	४००००००	०.००	०.००
परीक्षा शुल्क	१०००००	३७८००.००	३७.८०
नक्सापास दस्तुर	५०००००	४६५५८५.९६	९३.१२
सिफारिश दस्तुर	३५०००००	१९२२५७१.००	५४.९३
व्यक्तिगत घटना दर्ता दस्तुर	१००००००	७६१२००.००	७६.१२
नाता प्रमाणित दस्तुर	१००००००	५६७०००.००	५६.७०
अन्य दस्तुर	१५०००००	३५०९२५०.००	२३३.९५
प्रशासनिक दण्ड, जरिवाना र जफत	१०००००	१६०५४०.००	१६०.५४
अन्य राजस्व	४०५००००	७५८६१२२.२५	१८७.३१
व्यवसाय कर	८५०००००	५३३८८३५.००	६२.८१
जम्मा	२९७५००००	२३८८२४१३.४२	८०.२८

विगत ३ वर्षको राजश्व लक्ष्य र सङ्कलनको अवस्थालाई हेर्दा हरेक वर्ष राजश्व सङ्कलनमा निकै उतारचढाव रहेको पाइयो। पालिकाले आफ्नो वास्तविक राजश्व क्षमता पहिचान गरी राजश्व लक्ष्य कायम गर्दै राजश्व सङ्कलनलाई स्थिर वृद्धि गर्नेतर्फ आवश्यक ध्यान दिनुपर्दछ।

२५.३ **राजश्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको विश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। यसवर्ष राजश्व परामर्श समितिको २ बैठक मात्र बसेको देखिन्छ। विगत ३ वर्षमा हरेक वर्ष राजश्व लक्ष्यको तुलनामा सङ्कलन निकै कम रहेको देखिएको सन्दर्भमा स्थानीय राजश्व परामर्श समितिमा प्रभावकारी छलफल हुन नसकेको देखिन्छ। प्रभावकारी रुपमा स्थानीय राजश्व परामर्श समितिको बैठक बसी पालिकाको राजश्व सङ्कलन अभिवृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२५.४ **निरीक्षण नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन। नमुना छनौटको रुपमा केही वडा कार्यालयको चलानी पुस्तिका र प्रशासनिक सेवा बापत प्राप्त हुनुपर्ने आम्दानी बाँधिएको सम्बन्धमा सुत्र प्रणालीबाट सिर्जित आम्दानी विवरण भिडान गर्दा पालिकाले प्राप्त गर्नुपर्ने सबै आदानी प्राप्त नभई केही छुट भईरहेको समेत पाइयो। पालिकामा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्त भए नभएको सम्बन्धमा नियमित निरीक्षण तथा अनुगमन गर्नुपर्ने पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२५.५ **ढिला राजश्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका वडा कार्यालयहरुले आफ्नो जिम्मामा आएको सरकारी नगदी उल्लिखित व्यवस्था अनुरुप तोकिएको समयमा नियमित दाखिला नगरी सामान्यतया १ महिनामा १ पटक दाखिला गर्ने गरेको पाइयो। पालिकाले वडा कार्यालयहरुलाई आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गराउने तर्फ आवश्यक व्यवस्था गराउनु पर्दछ, अन्यथा दफा २८(२) मा व्यवस्था भए बमोजिमका कारबाही तर्फ ध्यान दिनुपर्दछ। पालिकाको भनाई अनुसार कार्यालय र बैङ्क बीचको दूरी तथा भौगोलिक कठिनाईको कारण समयमा नै दाखिला गर्न नसकिएको अवगत भयो। ऐ ऐ ऐनको दफा २८(२) को प्रतिबन्धात्मक वाक्यांशमा तर बैङ्क र कार्यालय बीचको दूरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएमा सोही म्याद बमोजिम गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले सरकारी नगदी दाखिला गर्ने म्याद थप चाहिने अवस्था भएमा महालेखा नियन्त्रक कार्यालयमा म्याद थपको लागि अनुरोध गरी सोही बमोजिम गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२६ **दिवा खाजाः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।०८२ को कृयाकलाप नं २.७.११.१ मा विद्यालय संचालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको शुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएका प्रारम्भिक विल विकास देखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधारमानी स्थानीय तहले पहिलो त्रैमासिकको सुरुमा नै बजेट निकासा गर्ने र दोस्रो त्रैमासिक देखि विद्यालयमा विद्यार्थीको भौतिक उपस्थितिमा संख्यात्मक हाजिरी विवरण प्रधानध्यापक तथा विद्यालय व्यवस्थापन समिती समेतबाट प्रमाणित गराई सँख्या यकिन गरी निकासामा प्रतिकूल असर नपर्ने गरी थप अनुदान दिने व्यवस्था छ । पालिकाले विद्यार्थीको सँख्यात्मक हाजिरी प्रमाणित नगरी यस वर्ष विभिन्न ५१ वटा विद्यालयलाई रु ६२१७९७८ रकम निकासा गरेको देखिन्छ ।यसरी निर्देशिका अनुसार IEMIS मा प्रविष्ट भएको विद्यार्थी संख्यालाई सत्यापन गरी प्रमाणित गराई विद्यालयलाई निकासा नदिएको हुनाले निर्देशिकाको पालना भएको देखिएन् ।तसर्थ, पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था पूर्ण पालना गर्नुपर्दछ ।

२७ **निशुल्क पाठ्यपुस्तकः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **६,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८ **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

२९ **कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण:**

कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।०८२ को कृयाकलाप नं २.३.१४ मा बुँदा मा स्थानीय नगर शिक्षा योजना तयार गरी कोभिड १९ को कारण असर परेको शिक्षा सिकाई आपुरण तथा द्रत सिकाई योजना कार्यान्वयन गर्ने शिक्षक अभिमुखीकरण, विद्यार्थी परीक्षण तथा मेन्टरिङ्ग जस्ता कार्य संचालन गरी भौचर नं २०४ बाट रु ५३९५०० खर्च गरेकोमा स्थानीय शिक्षा योजना तयार गरी कार्यान्वयन नभएको देखिन्छ ।कार्यविधिले संचालित उत्तिरिक्त सिकाई, उपचारात्मक कक्षाको लागि अभ्यास कक्षा संख्या तथा थप सिकाईका लागि विकास भएको सामग्री संख्या जस्ता प्रगति सूचक तयार गरी सोही अनुसार कार्य भए नभएको प्रगति प्रतिवेदन तयार गरी शिक्षा समन्वय ईकाईमा पेश गरेको देखिएन । अतः कार्यविधिको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३० **स्वास्थ्य कार्यक्रमतर्फः**

कार्यक्रम कार्यान्वियन स्थानीय तहमा स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार हुनेगरी स्वास्थ्य तर्फको शसर्तमा रु.४६६७४५०० र पालिकाको रु.११२००००० सहित रु.५७८७४५०० बजेटका कार्यक्रममा रु.४००६२९३५ खर्च गरेको देखिन्छ । स्वास्थ्य तर्फ विभिन्न कार्यक्रम सञ्चालन रहेकोमा ७२ प्रतिशत वित्तीय प्रगति सहित कार्यक्रम सञ्चालन भएको छ । तलबी प्रतिवेदन बेगर तलब भत्ता खर्च, किशोर किशोरी स्वास्थ्य, पोषण विशेष, डँगु नियन्त्रण, मातृ तथा नवजात शिशु कार्यक्रम, स्वयम सेविका प्रोत्साहन, आमा सुरक्षा, मृगौला प्रत्यारोपण, औषधि खरिद, क्षयरोग नियन्त्रण, आधारभुत स्वास्थ्य सेवाका लागि औषधि खरिद, लगायतका २५ वटा कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिकाको नर्म्स अनुसार कार्यक्रम सञ्चालन गरेको विवरण पेश गरेपनि कार्यक्रमसँग असम्बन्धित पदाधिकारीहरुलाई समेत अनुगमन भत्ता र अन्य उपस्थित भत्ता प्रदान गरेको देखिन्छ । एकै किसिमका कार्यक्रममा एकै व्यानर राखी विभिन्न कार्यक्रमको फरक फरक व्यानर खर्च लिएको, विविध खर्चमा आवश्यक अनावश्यक आंकलन नगरेको कारण यथार्थ खर्चको अवस्था आंकलन गर्न सकिएन । पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकाका नर्म्स अनुसार कार्य सञ्चालन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन ।

३०.१ **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग,आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ । यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद कुल रु. २१३६२२० बजेट विनियोजन गरी देहाय अनुसार खरिद कार्य गरेको छ ।

खरिदकोविवरण	खरिद बिधि	आपुर्तिकर्ताफर्मको नाम	लागत अनुमान रकम	सम्झौता रकम	भुक्तानी रकम
औषधि खरिद	e - bid	Rajshree Medihealth pvt.ltd, bhaktapur	१५५६३४३	५९१२१२	५९१२१२
सर्जिकल खरिद	e - bid	Rajshree Medihealth pvt.ltd, bhaktapur	३९२१६०	१७६३३७	१७६३३७
औषधि खरिद	कोटेशन	सेतिदेबीमेडिसिन	९९२६७	९५९००	९५९००
ल्याब सामग्री खरिद	कोटेशन	शन्देश साइन्स हाउस	८८४५०	८८४५०	८८४५०
	जम्मा		२१३६२२०	९५१८९९	९५१८९९

पालिकाले २ पटक e - bid र २ पटक कोटेशनबाट औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्व स्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ । पालिकाले आकस्मिक अवस्थामा खरिद गर्न सकिने प्रावधान राखी खरिद ऐनको प्रावधान विपरित सशर्त र पालिकाबाट छुट्टा छुट्टै बजेट राखी टुक्रा पारेर खरिद गर्नु उपयुक्त देखियन । खरिद ऐनको प्रावधान बमोजिम प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ । साथै पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन । आपुर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३०.२ **व्याच नं, उत्पादन मिति, म्याद समाप्त मिति र निशुल्क वितरणको छाप बिना औषधी खरिदः** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागिरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । नमुना छनौटका आधारमा गरिएको परिक्षणमा कुनैपनि खरिदमा ब्याच नं, उत्पादन मिति र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको, टुक्रा टुक्रा पारी खरिद गरिएको देखिन्छ । तोकिएको प्रकृया नपुर्याई टुक्रा टुक्रा पारेर व्याच नं, उत्पादन मिति, अवधि उल्लेख नभएको, निशुल्क वितरण समेत नखुलाई दाखिला समेत गरिएको कार्यलाई उपयुक्त भन्न सकिएन । पालिकाले औषधि खरिद गर्दा निर्देशिकामा भएको व्यवस्था पुर्ण रुपमा पालना गर्नुपर्दछ ।

३०.३ **औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः** औषधिजन्य मालसामान खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपुर्ति व्यवस्थापन सम्वन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपुर्ण उपयोग लगायत विषय समावेश रहेको छ । पालिकाको स्वास्थ्य शाखामा रहेको जिन्सी अभिलेख अनुसार ५ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ ।

क्र.स.	**औषधिको नाम**	**२०८०/८१**				**२०८१/८२**			
		अ.ल्या.	**आम्दानी**	**खर्च**	**बाँकी**	**अ.ल्या.**	**आम्दानी**	**खर्च**	**बाँकी**
१	PARACETAMOL 500MG	४३९८	१३२०००	१२७९२८	८४७०	८४७०	१६२०००	१३५९७०	३४५००
२	RANITIDINE 150MG	१०२००	११६०००	९०३००	३५९००	३५९००	०	०	३५९००
३	AMOXYCILLINE 500 MG	१३९००	८३०००	६६२००	३०७००	३०७००	५३६००	७५६४०	८६६०
४	IBUPROFEN 400MG	२४३०	७३०००	५३२३०	२२२००	२२२००	१८२००	४०२००	२००
५	CHLORAMPHENIRAMINE	१२६२०	५००००	६२२२०	४००	४००	४५०००	४५११०	२९०

Ranitidine 150 mg औषधि आर्थिक वर्ष २०८०।८१ मा ९०३०० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण वा खर्च भएकोमा आर्थिक वर्ष २०८१।८२ मा हस्तान्तरण केही पनि वितरण भएको छैन। त्यस्तै Tab Paracetamo 500 mg को समेत करिब सोही अनुपातमा वृद्धि भएको छ। CHLORAMPHENIRAMINE घटदो रुपमा वितरण भएको छ। विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणालीको प्रयोग पूर्ण रुपमा लागु नभएकोले पालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन। सहजीकरण

पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपूर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ। साथै औषधिमा उत्पादन मिति, म्याद समाप्त मिति, ब्याच नं, उत्पादन कम्पनी, नेपालीमा निशुल्क वितरणका लागि मात्र भनेर उल्लेख गरी अनिवार्य रुपमा स्टोर दाखिला हुनुपर्ने देखिन्छ। पालिकाले अवस्था यकिन गरेरमात्र खरिद कार्य गर्नुपर्दछ।

३०.४ **न्यानो झोला कार्यक्रमः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेसिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका विभिन्न ६ बर्थिङ सेन्टरमा गत वर्ष ८० थान मौज्दात रहेकोमा र यस खरिद नगरिएको अवस्था रहेको छ । पालिका र बर्थिङ्ग सेन्टरमा यसवर्ष ६३ न्यानो झोला खर्च भई १७ थान मौज्दातमा रहेका विवरण प्राप्त भयो । विगतमा खरिद भएको न्यानो झोला अझै मौज्दातमा रहेको देखिएकोले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

३०.५ **पालिकामा देखिएका प्रमुख स्वास्थ्य समस्याहरुः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(झ)(१) मा आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्नु स्थानीय तहको काम, कर्तव्य र अधिकार रहने व्यवस्था रहेको छ । पालिकाले तयार पारेको तथ्याङ्क अनुसार यसवर्ष देखा परेका प्रमुख १० स्वास्थ्य सम्बन्धी समस्याहरु देहाय अनुसार रहेका छन् । पालिकाले औषधि तथा स्वास्थ्य उपकरणहरु खरिद गर्दा सोही समस्याहरुलाई समाधान गर्ने गरी प्राथमिकताको आधारमा खरिद गर्नुपर्दछ ।

SN	Name of Diseases	Total	Ranking
१	APD	२८७२	१
२	HEADACHE	२२१३	२
३	RHINITIS	१८६२	३
४	INJURIES	१६०२	४
५	GENERAL EXAMINATION	१२०४	५
६	ACCUTE TONSILITIS	९८०	६
७	FEVER	९४१	७
८	BACKACHE	९२२	८
९	NON INFECTIOUS DIARRHOEA	८८५	९
१०	COUGH	८०३	१०

३१ **दुधमा अनुदानः**

दुग्ध उत्पादक किसानलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान कार्यविधि, २०७९ को दफा ४ मा दुग्ध उत्पादक सहकारी छनौट गरी पालिकाले विनियोजित बजेटको परिधिभित्र रही उक्त संस्थाको नाममा बैंक खातामा जम्मा गर्ने व्यवस्था छ । पालिकाले भौचर नं ११।०८१।१२।११ बाट रु ६०१४६५ नागडाँडा दुग्ध सहकारी संस्थाको नाममा निकासा गरेको देखिन्छ ।उक्त सहकारीले विभिन्न १८४ जना कृषकलाई प्रति लिटर रु १ का दरले हुने रकम भरपाईको आधारमा नगदमानै वितरण गरेको छ ।यसरी रकम नगदमानै वितरण दिँदा अनुदान रकम सही सदुपयोग नहुन सक्ने भएकाले अनुदानको उच्चतम सदुपयोगको लागि अनुदानग्राहीकै बैक खातामा रकम जम्मा गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३२ **अनुदानको अनुगमन मूल्याङ्कन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष कृषि तथा पशु क्षेत्रका कार्यक्रममा १० सहकारी संस्था तथा ९८१ जना कृषकहरुलाई ६१ लाख ३९ हजार विभिन्न कृषि समूह तथा कृषकलाई कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्देश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्देश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ, अनुदान वितरण गर्दा सकभर दर्ता भएको कृषक समूहलाई दिनुपर्दछ तथा वितरित अनुदानको आवधिक रुपमा अनुगमनगरी मूल्याङ्कनगरी प्रतिवेदन तयार गरि बेवसाइट मार्फत सार्वजनिकीकरण गरिनुपर्दछ ।पालिकाले कृषि तथा पशुक्षेत्रमा उपलब्ध गराएको अनुदानको विवरण निम्न रहेको छ ।

सि. न.	अनुदानको कार्यक्रम	अनुदानको प्रकार	कृषक/समूह/सहकारी संख्या	अनुदान रकम
१	कुखुरा चल्ला खरिदमा २५% अनुदान सहयोग कार्यक्रम	बार्षिक २ लट को चल्ला खरिदमा	३० जना कृषक	९७६०००
२	दुध उत्पादनको आधारमा प्रोत्सान अनुदान कार्यक्रम	दैनिक 5 लिटरका दरले दुग्ध बिक्री गर्ने किशान	१८४ जना कृषक	६०१०००
३	दुग्ध जन्य पदार्थ बिबिधिकरण प्रोत्सान अनुदान कार्यक्रम	दुग्ध उत्पादक स.स.लि.	नागडाडा दुग्ध उत्पादक स.स.लि.	१५००००
४	नयाँ बाख्रा पकेट बिकास कार्यक्रम	शर्शत अनुदान	भदौरे सल्यान बाख्रा पालन समूह	१५०००००
५	बर्षे बहुबर्षे भुई तथा डाले घाँस बिऊ बिरुवामा 50% अनुदान	पशु पालक कृषकहरुलाई मागको आधारमा	१५२ जना कृषक	२५००००
६	माछा भुरा वितरणमा 50% अनुदान कार्यक्रम	ब्यबसायीक कृषक	१ जना कृषि समूह	१०००००
७	हल गोरु पाल्ने कृषकलाई 50% प्रोत्सान अनुदान	हल गोरु पाल्ने कृषक	७ जना कृषक समूह	११२०००
८	गड्यौले मल प्रबर्द्धनका लागि साझेदारी कार्यक्रम	तालिम/ गड्यौला मल घर निर्माण सहयोगमा ५० प्रतिशत अनुदान	४ कृषि सहकारी	१५००००
९	जैविक खेती प्रबर्द्धनका लागि पाईलटिङ्ग कार्यक्रम	टनेल निर्माण, विउ विजन, मल, मिनिटिलर, क्रेट हजारी बेल्चा आदी	१ सहकारी	२५००००
१०	स्थानीय पकेट सन्चालन कार्यक्रममा ५० प्रतिशत अनुदान	बेर्ना, मल, ज्याला, सिचाँई, औजार उपकरण, तालिम	३ सहकारी	६०००००
११	आकस्मिक बाली संरक्षण कार्यक्रम	विषादी वितरण	१ कृषक	५००००
१२	एक घर एक टनेल कार्यक्रम	५० % साझेदारीमा टनेलका प्लाष्टिक वितरण कार्यक्रम	१८ कृषक	२८००००
१३	मसला बाली प्रबर्द्धन कार्यक्रम	अलैचीको बेर्ना वितरण ५० प्रतिशत अनुदानमा	२४ कृषक	१२००००
१४	५० प्रतिशत अनुदानमा फलफूलको बेर्ना वितरण कार्यक्रम	सुन्तला कागतिको बेर्ना वितरण ५० प्रतिशत अनुदानमा	१६५ कृषक	२५००००
१५	बाझो जग्गामा खेती प्रोत्साहन अनुदान	१० रोपनी बाझो जग्गामा खेती गर्नेलाई प्रति रोपनी ३००० का दरले अनुदान दिने व्यवस्था	१ सहकारी	१२००००
१६	वडा नं १० मा कृषि सामाग्री वितरण	मिनिटिलर, टनेल प्लाष्टिक	कृषक समुह -१	१५००००
१७	जैविक विषादी वितरण कार्यक्रम	४ प्रकारका जैविक विषादी निशुल्क वितरण भएको	२७३ कृषक	१०००००
१८	मिनिकिट वितरण कार्यक्रम	कोदो र मादले काक्रो	१२० कृषक	१०००००
१९	रैथाने बाली उत्पादनको लागि मेसिनरी तथा उपकरण सहयोग	कुटानी पिसानी मेसिन ५० प्रतशत अनुदान	कृषि फर्म-२, कृषक-२	२०००००
२०	मादले काक्रोको स्रोत बीउ उत्पादन	टनेल निर्माण,	कृषि सहकारी -१	८००००
				६१३९०००

३३ **विविध खर्च परीक्षण:**

३३.१ **विविध खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट रु. २०३८७४१ खर्च लेखेको छ । बिविध खर्च तथा अतिथि सत्कार गर्दा पालिकाको आन्तरिक स्रोतको अवस्था हेरी मितव्ययिता कायम गरी खर्च लेख्नु पर्दछ ।

३३.२ **ईन्धन खर्च :** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कार्यालय प्रयोजनका लागि रु. २२०४१२९ इन्धन शीर्षकमा खर्च लेखेको छ । इन्धन खर्चको पालिकाको आफ्नै मापदण्ड तयार गरेको छैन ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा मोटर साइकल २४ थान, स्कुटर ३ थान, साना सवारी साधन ३ थान रहेका छन ।इन्धन खर्चमा पालिकाले हदैसम्म मितव्ययिता अपनाउनु पर्दछ। इन्धन खर्चलाई मितव्ययी बनाउन स्पष्ट मापदण्ड बनाई खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणाली (PAMS) मा पूर्ण रुपमा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शि बनाउनु पर्दछ ।

३३.३ **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु.४९७४०० भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्थाको पालना गरी पूर्ण रुपमा भ्रमण अभिलेख राखेर मात्र भ्रमण खर्च लेख्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।

३३.४ **सवारी भाडा :** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा वटा साना सवारी साधन चालु अवस्था रहेको छ । पालिकाले यस वर्ष योजना अनुगमन र विभिन्न सरकारी कार्यको लागि सवारि भाडामा रु.१६१२४५० खर्च गरेको देखियो । नमुना छनौटको आधारमा केही श्रेस्ता परीक्षणगर्दा योजनाको अनुगमन, विषयगत शाखाको कार्यक्रम तथा शिविर संचालन र सरकारी कामको सिलशिलामा जिल्ला सदरमुकाम र प्रदेश राजधानि पोखरा पालिकाका पदाधिकारी तथा कर्मचारीको लागि सवारी भाडामा लिएको जनाई खर्च लेखेको देखियो । पालिकामा ३ साना सवारी तथा २४ वटा मोटरसाइकल र ३ स्कुटर रहेको र सोही बमोजिम इन्धन, मर्मत लगायतमा खर्च भएको देखिएकोले भाडामा सवारी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३४ **चालु खर्च परीक्षण :**

३४.१ **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु.१४६७१००० खर्च गरेको देखिन्छ । जुन आन्तरिक आय रु.१९९४९४९५ को ७३.५४ प्रतिशत देखियो । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी आन्तरिक आयको पर्याप्तता पश्चात मात्र पदाधिकारी सुविधामा मितव्ययिता कायम गरी खर्च गर्नुपर्दछ ।

३४.२ (..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **५६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४.३ **सम्पत्तिको लेखाङ्कनः** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६७(२) मा उपनियम १ बमोजिम अभिलेख राख्दा एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने, सामान्यतया एक वर्षभन्दा बढी टिकाउ नहुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयासम्म पर्ने मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने र एक वर्षभन्दा बढी टिकाउ हुने वा प्रति एकाइ पाँच हजार रुपैयाभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष जनप्रतिनिधि तथा कर्मचारीको लागि झोला खरिद गरी गरी भौचर नं.२०१ मिति २०८१।११।५ बाट रु.३५४१४२ खर्च लेखेको पाइयो। त्यसरी खरिद भएको सामाग्रि खर्च भएर जाने खातामा अभिलेखीकरण गरेको नपाइएकोले। उल्लिखित व्यवस्थाको पालना गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

३४.४ **गाउँसभाको अधिवेशन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । मिति ०८१।९।२६ गते सत्रौ गाउँसभा अधिवेशन र मिति ०८२।३।१० गते अठारौ गाउँसभाको अधिवेशन कार्यक्रम पालिकाको सभा हलमा सञ्चालन भएको छ। पालिकाले सभाहलमा कार्यक्रम सञ्चालन गर्दा भत्ता लगायतका अन्य सुविधा दिन मिल्ने कार्यविधि तयार गरेको छैन । भौ.नं.३७८ मिति ०८२-२-२६ बाट पालिकाकाका १३७ जना जनप्रतिनिधि तथा कर्मचारीलाई सहभागी भत्ता बापत रु. १३७००० र भौ.नं.४६३ मिति ०८२।३।१८ बाट पालिकाका १७४ जना जनप्रतिनिधि तथा कर्मचारीलाई सहभागी भत्ता बापत रु.२७८००० खर्च लेखेको छ । पालिकाकै कर्मचारी तथा जनप्रतिनिधिलाई सहभागी भत्ता दिन मिल्ने व्यवस्था नभएकोमा नियमित काम भित्र पर्ने काम पालिकाकै सभाहलमा सञ्चालन गरी खाजा/नास्ता समेत व्यवस्था गरेकोमा पुन सहभागी भत्ता भुक्तानी गर्नु औचित्यपूर्ण देखिँदैन । अत: पालिकाले गरेको यस्तो किसिमको खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

३४.५ **मसलन्द तथा कार्यालय सामग्री खर्चः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा वडा समेत गरी यस वर्ष जम्मा रु.२४८११६७।-खर्च गरेको छ । पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रभावकारी बनाउनु पर्दछ ।

३५ **कार्यक्रम खर्च:**

३५.१ **खेलकुद कार्यक्रम :** पालिकाले यस वर्ष विविध खेलकुद तथा साँसकृतिक कार्यक्रम शीर्षकमा रु.१२५०००० खर्च गरेको छ ।वडाबाट र युवा क्लव बाट विभिन्न प्रतियोगितामा आवश्यक सामाग्रीहरु खरिद गरी वितरण गरेको छ । पालिकाले प्रत्येक वर्ष विभिन्न क्लव र वडागत बजेट विनियोजन गरी क्लव र वडा कार्यालयले खर्च गरिरहेकोमा सो को उपलब्धी मापन गरेको देखियन। वडाले प्रत्येक वर्ष कुन अनुपातमा के कति सामाग्री खरिद गरेको छ सो को अभिलेखीकरण नहुँदा खर्चमा मितव्ययीता तथा प्रभावकारी तवरले खर्च भएको देखिदैन ।अत: यस्तो खर्च गर्दा लगत राखी खर्च गर्नुपर्दछ र पालिकाले नै आर्थिक वर्षको लागि आवश्यक सामाग्री यकिन गरी एकमुष्ठ खरिद गरी वडामा सामाग्री वितरण गर्नु प्रभावकारी देखिन्छ ।

३५.२ **उपाध्यक्ष सँग महिला लक्षित कार्यक्रम:** पालिकाले आर्थिक वर्ष ०८१।०८२ को स्वीकृत बजेट अनुसार उपाध्यक्ष सँग महिला कार्यक्रम अन्तर्गत उल्लिखित कार्य गरेको देखियो ।यसमा देखिएको व्यहोराहरु देहाय अनुसार छन:

भौचर नं./ मिति	कार्यक्रमको नाम	कार्यक्रम संचालन गर्नेको नाम	कृषकको लागत सहभागिता	पालिकाको अनुदान
३२९-०८२।१।२६	उपाध्यक्ष सँग महिला लक्षित कार्यक्रम	महिला संजाल वडा नं.३	-	१०००००
३६९-०८२।२।२१		महिला संजाल वडा नं.६	-	१०००००
३७७-०८२।२।२६	महिला सशक्तिकरण कार्यक्रम	महिला संजाल वडा नं.४	-	१०००००
३९५-०८२।३।१	तालिम सहितको मौरी घार वितरण कार्यक्रम	महिला संजाल वडा नं.५	-	१२००००
४०१-०८२।३।३	उपाध्यक्ष सँग महिला कार्यक्रम	महिला संजाल वडा नं.१	-	१०००००
४०२-०८२।३।३	मादल बजाउने कार्यक्रम	महिला संजाल वडा नं.१	-	१०००००
४१०-०८२।३।८	मादल बजाउने कार्यक्रम	महिला संजाल वडा नं.२	-	१०००००
४४३-०८२।३।१६	५०%अनुदानमा पलाष्टिक टनेल वितरण	महिला संजाल वडा नं.७	८५५००	१०००००
४६०-०८२।३।१७	अचार बनाउने कार्यक्रम	महिला संजाल वडा नं.१०	-	१०००००
४६२-०८२।३।१८	महिला सशक्तिकरण कार्यक्रम	महिला संजाल वडा नं.११	-	१०००००
५०२-०८२।३।३२	५०% अनुदानमा टनेल प्लाष्टिक वितरण	महिला संजाल वडा नं.९	८५५००	८००००

(क) गण्डकी प्रदेश खर्चको मापदण्ड,२०७९ मा उल्लिखित नर्म्सलाई आधार मानेर प्रस्तावना तयार गरी कार्यक्रम संचालन गर्नुपर्नेमा तालिम सञ्चालन गर्दा खर्चको प्रस्तावना तयार गरेको पाईएन। तसर्थ गण्डकी प्रदेश खर्चको मापदण्डमा उल्लेख भएको दररेट लाई आधार लिई पालिकाले कार्यक्रमको प्रस्तावनाको आधारमा स्रोत ब्यक्तिको पारिश्रमिक,यातायात खर्च र प्रतिवेदन लेखन समेतका रकम दिने ब्यवस्थाको पालना गर्नुपर्दछ ।

(ख) लागत साझेदारीमा कार्यक्रम सञ्चालन भएकोमा लागत साझेदारीको रकम जम्मा भएको नदेखिएकोले पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

(ग) पालिकाले अनुदानमा सञ्चालित कार्यक्रमको अनुगमन गरी लक्ष्य अनुसारको उपलब्धी भए नभएको तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३५.३ **राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता :** राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० को दफा ९(४) मा स्थानीय तहस्तरीय प्रतियोगितामा संलग्न गरीने खेलका क्रियाकलाप अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुने उल्लेख रहेको र अनुसूची-४ बमोजिमका अनिवार्य खेलहरु अन्तर्गत छात्रा र छात्रको संचालन हुने गरी भलिवल, कबड्डी, एथलेटिक्स, मार्सल आर्ट (उसु, कराते र तेक्वाडो) मा बिभीन्न ३० वटा विधामा प्रतियोगिता संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ३२ मिति ०८२।२।२० बाट राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमको लागि रु.५५०००० खर्च गरेको छ । कागजात परीक्षण गर्दा लागत अनुमान र खर्चको अनुपातमा एकरुपता देखिदैन ।कार्यक्रम संचालन गर्दा खर्च प्रस्ताव स्वीकृती र खर्चको मापदण्ड पालना गरी मितव्ययी तरीकाले कार्यक्रम संचालन गर्नुपर्दछ ।

३५.४ **कार्यक्रम खर्च:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) को उपनिय (७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम,सेमिनार,गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछि त्यस्तो कार्यमा भईरहेको खर्च बिल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रम बाट लाभान्वित व्यक्तिको संङख्या र उपस्थित समेत समाबेश गरि प्रतिवेदन तयार गरि अधिकार प्राप्त अधिकारी बाट स्वीकृत गराउने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न स्थानमा पालिका भन्दा टाढा कार्यक्रम गरि भुक्तानी गरेको छ । यस प्रकारको खर्च नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । ति भौचरहरुमा कारोबारको पुस्टचाई हुने आवश्यक कागजात समेत राख्नुपर्ने देखिन्छ । केही उदाहरण -

गा.पा चालु/ गो भौ न मिति	विवरण	भुक्तानि पाउने	रकम रु
105-2081/ 08/ 26	झोलोङ्कगे पुल उत्घाटन	विकल कुवँर	२७०००
158-2081/ 09/ 28	4th global summit on education and global conc on climate change 2024 होटेल पौवा पोखरा	नेपाल युएस अलमाई नेटवर्क	२५०००
190/ 2081/ 10/ 29	बेलायति राजकुमारलाई गाउँपालिका भ्रमण बापत	-	५३०००
जम्मा			१०५०००

३६ **वितरण मुखी कार्यमा खर्च :**

पालिकाले चालु खर्च मितव्ययी र पूँजीगत खर्च नतिजामुलक देखिने गरि खर्च गर्नुपर्दछ ।लेखापरीक्षणको क्रममा नमुना छनौट गर्दा निम्नानुसारका गो.भौ.न.र मिति वाट वितरणमुखी कार्यमा खर्च गरेको देखियो यसरी वितरणमुखी एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।केही उदाहरण-

गो.भौ.न. / मिति	भुक्तानी पाउने	रकम
४४२।०८२-३-१६	अन्नपूर्ण सेन्चुरी पर्यटन समिति	५००००
१७५।०८१-१०-२१	लान्द्रुक हनि हन्टिङ्ग महोत्सव आयोजक समिति	२६००००
४८।०८१-६-२०	रोयल ब्रदर्श युनाईटेड क्लव	२००००
१४४।०८१-९-१८	गणित शिक्षा परिषद	६३०००
२४४।०८१-१२-११	नव प्रतिभा युवा क्लव तिज मेला	६००००
१८५।०८१-१०-२९	भदौरे युवा क्लव	६०००००
१९३।०८१-१०-२९	ढिकुरपोखरी युवा क्लव	६०००००
१७९।०८१-१०-२८	मदन भण्डारी फाउन्डेसन	५००००
२००।०८१-११-५	महाशिवरात्री महोत्सव	१८००००
१९५।०८१-१०-२९	कोमोचे बराह युवा क्लव	५००००
१९८।०८१-१०-१९	नेपाल मगर संघ	५००००
२६०।०८१-१२-१७	घान्द्रुक महोत्सव	३०००००

३७ **उपभोक्ता समिति मार्फत कार्यः**

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छ । लेखापरीक्षणको क्रममा तयार गरी पेश गरेको बिबरण अनुसार गत बिगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने लगायतका कार्यको लागि रु.१ लाखभन्दा कमको योजना ४१, रु. १ लाख देखि पाँच लाख सम्मका योजना १९८, रु ५ लाखदेखि १० लाखसम्मका योजना ५८ लगायत २९९ वटा योजनाहरुको रु ८९२२०८३९ लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा रु. ८९२२०८४ को कार्य जनसहभागिताबाट गरी रु.९८१४२९२३ भुक्तानी भएको बिबरण पेश भएको छ । यस वर्ष सशर्त वाहेक पालिका पूँजीगत खर्च रु. १५१३५८५२२ मध्ये उपभोक्ताबाट ६५ प्रतिशत उपभोक्ताबाट सम्पादन गरेको छ ।

क्र.स.	**विवरण**	**योजना संख्या**	**रकम**
१	रु.१ लाखभन्दा कमको योजना	४१	२८००८३९
२	रु.१ लाखदेखि ५ लाखसम्मको योजना	१९८	४३५८२८००
३	रु.५ लाखदेखि १० लाखसम्मको योजना	५८	३६८३७२००
	रु.१० लाखदेखि माथिको योजना	२	६००००००
	जम्मा	**२९९**	**८९२२०८३९**

जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

३७.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्वन्धि कार्यविधीको व्यवस्था अनुसार कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्था मध्ये १० प्रतिशत जनसहभागिता ३ लाखको योजनामा होडिङ बोड लगायत केही बिषय पालना भएता पनि पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनुपर्दछ ।

३७.२ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

३७.३ **कामको नापजाच र हस्तान्तरणः** सम्झौता अनुसार कम कार्य गर्दा पनि कार्य सम्पन्न/ कार्य स्विकार प्रतिवेदन जारी गरेको छ । लागत अनुमानमा भएको कंक्रिटजन्य कार्य कम गर्ने कार्य पुरा गर्ने गरेको देखियो । सजिलो काम गर्ने र सिमेन्ट छड लगाउने कार्य कम गर्दा पनि पालिकाले भुक्तानी गरेको छ । यसबाट उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । कार्यालयले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

३७.४ **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्राभल निर्माण कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईन्छ । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । परीक्षण गरेको भौचर नं. ३५, ४५, ५३, ८२, १०९, २२१, २५४, ३४५ र ३८९ लगायतका श्रेस्तामा खर्च सार्वजनिकिकरण गरेको छैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

३७.५

जटिलसंरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य ग्राभल निर्माण कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, कार्य लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । केही उदाहरणहरु यस प्रकार रेहको छः

क्र.स.	आयोजनाको नाम	रकम रु	कैफियत
१	उल्लेरी र घोडेपानी जोड्ने सडक निर्माण	१९४००००.०	
२	नबदिश्वर शिव मन्दिर प्रवेशद्वार, विश्रामस्थल तथा शौचालय निर्माण	५३४०००.०	
३	बहादुरे खेलमैदान निर्माण योजना	९६९९१९.०	

३७.६ **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । कार्यालयले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ ।केहीमा कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट खर्च भएका विल विजकहरु पेश नभएका कारण प्रमाणहरु एक अर्कामा मेल खाने नखाने एकिन गर्न सकिने अवस्था रहेन। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

३७.७ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

३७.८ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु संलग्न राख्ने गरेको देखिन्छ । योजनाहरुमा सम्वन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनु भन्दा पहिलेको नभएको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन्छ । सम्वन्धित वडाले भुक्तानीको सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको एकिन हुन सक्ने देखिदैन। सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिन्छ । तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु हुने गरि कार्य गर्नुपर्दछ ।

३८ **म्याद थपः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सम्म व्यवस्था छ । यो वर्ष कार्यालयले ४ वटा ठेक्काको सम्झोता गरेकोमा शुरु अवधिको ५० प्रतिशतसम्म थप २ वटा म्याद थप गरेको देखियो । उल्लेखित नियमावलीको नियम १२०(६)मा भएको व्यवस्था अनुसार ५० प्रतिशत भन्दा बढी अवधिको म्याद थप गर्न नपाइनेमा नियमावलीको व्यवस्था पालिकामा भएको छैन । यसरी कानुन वाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारीको कार्य सम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ ।

सि नं	कार्यक्रमको नाम	जम्मा कायम सम्झौतासंख्या	म्यादथपभएका सम्झौता संख्या				कैफियत
			अवधी थप गर्नुनपर्ने	शुरुअवधिको ५०% सम्म थप	शुरुअवधिको ५१ देखि १००% सम्म थप	शतप्रतिशत भन्दा बढी अवधी थप	
१	सडक	०	८	१			Construction of Kande Bhaudhare salyan sadak annapurna 3,4
२	भवन	०	०	२			Construction Of Wada Number-06 Office Building And Construction of ColdStore
३	खानेपानी	१				१	Ghandruk Water Supply Project, ARM-10,11 (Kotgau Uri area)

३९ **सम्भाव्यता अध्ययन/डि.पि.आर.;**

सार्वजनिक खरिद ऐन, 2063 को दफा 8 र 9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष पूँजीगत प्रकृतिको ५ कार्यमा रु.३०००००० विनियोजन गरी कुल रु २१३३६४० खर्च गरेको छ । यसरी सम्भाव्यता अध्ययन गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, पालिकाको जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ ।

क्र.सं.	कार्यक्रमकोनाम	कुलखर्च	प्रयोगको अवस्था	परामर्शखर्च खरिदको माध्यम
१	Ghandruk (Potlya Bhaisikharka) Water Supply Project (Majhgau ,Panche and Buspark Area ARM-10,11) Consulting Service	२२१४१८	कार्य क्रम भई रहेको	कोटेशन
२	Survey, Design and Cost Estimate of Wada num-10, Ghandruk Basic Health Post Building Construction Project	९९८००	नभएको	कोटेशन
३	Detailed Engineering Survey, Detailed Design and Cost Estimation (Preparation of DPR) of Long Span Trail Bridge (LSTB) with Socio-Economic and Technical Feasibility Study	४४२९६०	प्रदेशलाई अनुरोध गरिएको	कोटेशन
४	Detailed Engineering Survey, Detailed Design and Cost Estimation (Preparation of DPR) of Long Span Trail Bridge (LSTB)	९२५००	प्रदेशमा अनुरोध	कोटेशन
५	Detailed Engineering Survey, Soil Investigation, Hydrological Study and Detailed Design of the Dhoti Khola Motorable Bridge, Nayapul, Kaski	१२७६९००	सघमा अनुरोध	कोटेशन
	जम्मा	२१३३६४०		

४० **परामर्श सेवाः**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । यस्तो कार्य गराउँदा लागत अनुमान पालिकाले उपलब्ध गराएको विवरण अनुसार ५ प्रकारका परामर्श सम्बन्धी कार्यक्रमहरु कुल खर्च रु. २१३३६४० परामर्श खर्च गरेको छ । अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियन गएको देखिएकोले खर्चको सार्थकता भएको देखिन्छ ।

४१ **अधुरो निर्माण कार्यः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(३) ख मा सेवा प्रदायक वा व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायी ले व्यहोर्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्षसम्मका विभिन्न कार्य मध्ये ४ वटा सेवा प्रदायकले तोकिएको समयमा कार्य सम्पन्न नगरेको कार्य तालिका अनुसार कार्य गर्न व्यवसायीलाई निर्देशन दिएको देखिएन। सम्झौता अवधिको शत प्रतिशत अवधि समाप्त हुँदा पनि व्यवसायीले कार्य नगरेको कारणले आयोजना अधुरा रहेको छ। यस्तो अवस्थामा सम्बन्धित व्यवसायीको कार्य योजना लिएर निर्माण/आपूर्ति कार्य गर्नु पर्दछ। सो अनुसार नगर्ने व्यवसायीको कारणबाट आयोजनाको समय र लागत वढ्दै गएको अवस्थामा ठेक्काको अवस्था विश्लेषण गरी उल्लिखित कानुनी व्यवस्था अनुसार बैकल्पिक माध्यमले कार्य गरेर वढी दायित्व आउने लागत सम्बन्धितबाट भराउने गरी कार्य सम्पादन गराउनु पर्दछ।

सि नं	कामको बिबरण	निर्माण व्यवसायी/ आपुर्तिकर्ता/ सेवा प्रदायक	सम्झौता		सम्पन्न गर्नुपर्ने मिति	योवर्ष सम्मको खर्च	भौतिक प्रगति प्रतिशत
			मिति	रकम			
1	Construction of Kande Bhaudhare salyan sadak annapurna 3,4	Arc D. Architectural and Engineering Services P.Ltd	२०८०।८।१९	२१६०४१४८	२०८१।६।३०	२००४४१६२	९२.७८
2	Ghandruk Water Supply Project, ARM-10,11 (Kotgau Uri area)	T.B Construction & Builders	२०८०।९।१६	६८६६७५६	२०८१।९।३०	५२०४२०९	७५.७९
3	Construction Of Wada Number-06 Office Building	B.R. Dahal Construction & Suppliers Pvt.Ltd.	२०८०।१०।२६	८२०९१९२	२०८१।८।३०	३६५१७९४	४४.४८
4	Construction of ColdStore	Three A Construction	२०८१।२।१०	६०१२९६२	२०८१।६।३०	२५२९३७०	४२.०७
	जम्मा			**४२६९३०५८**		**३१४२९५३५**	

४२ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ अनुसार प्रतिष्पर्धी र मितव्ययी ढंगले खरिद गर्नु पर्ने र एकमुष्ठ बजेटलाई टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्नेमा यस पालिकाले १२ कामको लागत अनुमानका रु.१० लाख भित्रका विभिन्न निर्माणका काममा टुक्रा पारी लागत अनुमानकै हाराहारीमा प्रतिष्पर्धा वेगर सोझै खरिद गराइ रु.५२२१३६४ भुक्तानी दिएको छ । एउटै निर्माण व्यवसायीवाट एकै वर्षमा एक पटक भन्दा वढि काम समेत गराएको छ । उक्त कानूनी व्यवस्था अनुसार प्रतिष्पर्धात्मक रुपले खरिद कार्य गर्नुपर्दछ ।

४३ **ठेक्का नं. ARM-W-NCB-W-080-81-06 Ghandruk Water Supply Project, ARM-10, Kotgauri Area सम्बन्धमाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्वन्धित निर्माण व्यवसायिबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस पालिका अन्तर्गत ठे.नं. ARM-W-NCB-W-080-81-06 Ghandruk Water Supply Project, ARM-10, Kotgauri Area निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी T.B. Construction and Builders बीच कबोल अंक रु.६८६६७५६.० (मू.अ.कर समेत) को मिति २०८१।०३।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०८०।०९।१६ मा सम्झौता भएको छ । यसठेक्का अन्तर्गत हालसम्म ४ किलोमिटर पाइप लाइन, २ वटा पानी ट्याङ्की, Intake, Rcc निर्माण भएको छ । यस कार्य अन्तर्गत हालसम्म रु.७२४२५०४.० भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छः

४३.१ **अद्यावधिक कार्यतालिकाः** सम्झौताको SCC को GCC 34.1 The contractor shall submit for approval a program for the works within 30 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्विकृत गराएको प्रमाण पेश भएन । यसैगरी SCC को GCC 34.4 मा The period between program updates is 30 days. The amount to be withheld for late submission of an updated program is 300000 रहेकोमा ३ वटा रनिङबिल भुक्तानी हुदासम्म अद्यावधिक कार्यतालिका पेश गरेको नदेखिएकोले सम्झौता अनुसार रु.३०००००.० रोक्का राख्नुपर्नेमा सो गरेको देखिएन । सम्झौताको पूर्ण रुपमा पालना गर्नुपर्दछ ।

४३.२ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था रहेको छ । यस निर्माण कार्यको म्याद कार्यपालिकाको मिति २०८२।२।२५ को निर्णयानुसार एकमुष्ट मिति २०८२।०५।२५ सम्म थप भएको देखियो ।

जग्गा विवाद, वर्षा लगायतका कारण उल्लेख गरी म्याद थप गरेको भएतापनि उल्लिखित कारणहरुको पुष्टि हुने गरी कागजात संलग्न गरेको देखिदैन । अधावधिक प्रगति विवरण, डेली डायरी नराखी स्ववीवेकीय तवरवाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

४३.३ **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ । उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ । निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८१।०३।२९ रहेकोमा त्रुटि सच्याउने दायित्व २०८२।०२।०६ (DLP 12 month) सम्म रहने हुदा बिमा अवधि सम्म मात्र रहेको देखियो । कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ ।

४३.४ **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security amount is Nrs.1575000.0 As per PPR Regulation and Bid रहेकोमा कार्यसम्पादन जमानतको मिति २०८३।०५।१४ सम्म रहेको देखिन्छ। कार्यसम्पादन जमानत PPR Regulation and Bid अनुसार हुनुपर्दछ ।

४४ **ठेक्का नं. ARM-W-NCB-081-82-04 construction of Cold Store (Roofing and flooring works) सम्बन्धमाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस पालिका अन्तर्गत ठेक्का नं. ARM-W-NCB-081-82-04 construction of Cold Store (Roofing and flooring works) निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी Everest to Sea Construction Pvt.Ltd. बीच कबोल अंक रु ४१९५७४७.० (मू.अ.कर समेत) को मिति २०८२।०२।३० मा काम सम्पन्न गर्ने गरी मिति २०८१।११।१३ मा सम्झौता भएको छ । हालसम्मको भौतिक तथा वित्तीय प्रगति ९० प्रतिशत रहेको छ । अझै पूर्ण रुपमा कार्यसम्पन्न गर्न २ करोडको हाराहारीमा रकम आवश्यक पर्ने पालिकाले छलफलको क्रममा जनाएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

४४.१ **बिमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बिमा गराउनुपर्ने व्यवस्था छ । उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म हनुपर्ने उल्लेख छ । निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८२।०२।३० रहेकोमा बिमा अवधि मिति २०८२।११।२६ सम्म रहेको विवरण पेश भएको छ । कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधिसम्मको बिमा गराउनुपर्दछ ।

४४.२ **निर्माण कार्यतालिकाः** निर्माण व्यवसायीसँग भएको सम्झौता जेनेरल कन्डिसन अफ कन्ट्रयाक्टको बुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायीले प्रत्येक ६० दिनमा निर्माण कार्यतालिका अद्यावधिक नगरेमा रु. १ लाख रोक्का राख्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले सम्झौता बमोजिम प्रत्येक ६० दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन । सम्झौताको शर्त बमोजिम रु. ५ लाख रोक्का राख्नुपर्ने देखिन्छ । कार्यालयले पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरि कट्टा गर्नुपर्ने देखिन्छ । साथै निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद समेत गर्नुपर्ने देखिन्छ ।

४४.३ **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security shall be provided to the Employer no later than the date specified in the Letter of Acceptance and shall be issued in an amount specified in the SCC, by a ‘A’ class commercial bank acceptable to the Employer, and denominated in Nepalese Rupees. The Performance Security shall be valid until a date 30 days from the date of issue of the Defect Liability Certificate in the case of a bank guarantee. उल्लेख छ । मिति २०८२।०२।३० मा काम सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा कार्यसम्पादन जमानत …… रहेको छ।

कानुनमा भएको व्यवस्था बमोजिम कार्यसम्पन्न गर्नुपर्ने अवधिको १३ महिना पश्चातसम्म अवधि रहने गरी कार्यसम्पादन जमानत राख्नुपर्दछ ।

४५ **ठेक्का नं. ARM-NCB-W-R-081-82-02 Construction of Kanda Bhaudhare Salayan Puranogaun Rural Road सम्बन्धमाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्वन्धित निर्माण व्यवसायिबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस पालिका अन्तर्गत ठे.नं. ARM-NCB-W-R-081-82-02 Construction of Kanda Bhaudhare Salayan Puranogaun Rural Road निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी B.K. Bhai Construction Suppliers Pvt.Ltd. बीच कबोल अंक रु.११२८५४८७.० (मू.अ.कर समेत) को मिति २०८२।०२।३० मा काम सम्पन्न गर्नेगरी मिति २०८१।०२।०९ मा सम्झौता भएको छ । हालसम्म कार्य सम्पन्न भई अन्तिम बिल भुक्तानी प्रदेशकाट रु.५६३१७००.० र पालिकाबाट रु.५६३१८६८.० सहित रु.११२६३५६८.० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

४५.१ **अद्यावधिक कार्यतालिकाः** सम्झौताको SCC को GCC 34.1 The contractor shall submit for approval a program for the works within 10 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्विकृत गराएको प्रमाण पेश भएन । यसैगरी, SCC को GCC 34.3 मा The period between program updates is 60 days. The amount to be withheld for late submission of an updated program is 500000 रहेकोमा अन्तिम रनिङ बिल भुक्तानी हुदासम्म अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन । सम्झौता अनुसार अद्यावधिक कार्यतालिका पेश गर्नुपर्दछ ।

४५.२ **बिमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बिमा गराउनुपर्ने व्यवस्था छ । उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म हनुपर्ने उल्लेख छ । निर्माण कार्यको कार्यसम्पन्न हुने मिति २०८२।०३।२९ रहेको छ । कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधिसम्मको बिमा गराउनुपर्दछ ।

४५.३ **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security shall be provided to the Employer no later than the date specified in the Letter of Acceptance and shall be issued in an amount specified in the SCC, by a ‘A’ class commercial bank acceptable to the Employer, and denominated in Nepalese Rupees. The Performance Security shall be valid until a date 30 days from the date of issue of the Defect Liability Certificate in the case of a bank guarantee. उल्लेख छ । मिति २०८२।०२।३० मा काम सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा कार्यसम्पादन जमानत रु.१६६५००० जम्मा गरेको छ । कार्यसम्पादन जमानतको म्याद मिति २०८३।०४।०१ सम्म रहेको छ । कानुनमा भएको व्यवस्था बमोजिम कार्यसम्पन्न गर्नुपर्ने अवधिको १३ महिना पश्चातसम्म अवधि रहने गरी कार्यसम्पादन जमानत राख्नुपर्दछ ।

४६ **ठेक्का व्यवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले बोलपत्र मार्फत प्रतिष्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ८.९२ देखि ३२.५२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर

परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्मशमानै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणीत गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्मशमा समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमनको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

क्र.स.	ठेक्का नं	कामको विवरण	लागत अनुमान रकम	प्रथम घटी प्रतिशत	निर्माण व्यवसायी	सम्झौता रकम
१	ARM/W/NCB/R 2080/81-01	Construction of Kande Bhaudhare salyan sadak annapurna 3,4	२९३४५९६०	२६.३८	Arc D. Architectural and Engineering Services P.Ltd	२१६०४१४८
२	ARM/W/NCB/Ws 2080/81-06	Ghandruk Water Supply Project, ARM-10,11 (Kotgau Uri area)	९३६६२६७	२६.६९	T.B Construction & Builders	६८६६७५६
३	ARM/W/NCB/B 2080/81-07	Construction Of Wada Number-06 Office Building	११५९३७४१	२९.१९	B.R. Dahal Construction & Suppliers Pvt.Ltd.	८२०९१९२
४	ARM/W/NCB/B 2080/81-11	Construction of ColdStore	७५८५५९५	२०.७३	Three A Construction	६०१२९६२
५	ARM/W/NCB/R 2081/82-1	Construction/ Upgrading Lumle-Tanchowk- Bhichuk -Landruk Road	२८९९२८१९	२६.८२	M/ S Pashupati-Bhairab J.V.	२१२१६४२५
६	ARM/NCB/W/R 2081/82-2	Construction of kande bhaudhare salyan Puranogau Rural Road	१५४७९३००	२७.०९	B.R. Dahal Construction & Suppliers Pvt.Ltd.	११२८५४८७
७	ARM/W/NCB 2081/82-03	Construction of Deurali Dharapani Ranithok Sadak and Ward Office Compounding Work	२४९०४९५	१८.१४	B.R. Dahal Construction & Suppliers Pvt.Ltd.	२०३८६३५
८	ARM/W/NCB/B 2081/82-04	The Construction of cold store (Roofing and Flooring Works)	५१२०९६७	१८.०७	Everest To Sea Construction Pvt Ltd	४१९५७४७
९	ARM/W/NCB/Ws 2081/82-05	Ghandruk Water Supply Project ARM-10,11 (Potlya Bhaisikharka Schematic)	१२९५३२१५	३२.५२	Sundar Pokhara Nirman sewa	८७४०४३५
१०	ARM/SQ/W 2081/82-1(Re)	Construction of Naudada Police Chauki	१२०८२९८	२७.७८	BIG STONE Construction & Suppilers (P.) Ltd.	८७२६६९
११	M/W/SQ/B 2081/82-04(Re)	Construction of First Floor of Ward Office Building, Ward No. 07, Huadi, Kaski	१६०५६७४	८.९२	Mani Construction.	१४६२४२८
१२	ARM/W/SQ/B 2081/82-05(Re)	Construction of First Floor of Ward Office Building, Ward No. 1, Naudada, Kaski	१९२१२६४	२०.८६	Everest To Sea Construction Pvt Ltd	१५२०४५०

४७ **पालिकामा विभिन्न ठेक्काको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस कार्यालय अन्तर्गत पालिकाको विभिन्न १८ वटा ठेक्काको निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी विभिन्न तालिका बमोजिम पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरी कट्टा गर्नुपर्ने गरी सम्झौता भएको छ । ठेक्का सम्बन्धी विवरण देहाय अनुसार रहेको छ ।

क्र.स.	ठेक्का नं	कामको विवरण	लागत अनुमान रकम	घटी प्रतिशत	निर्माण व्यवसायी	सम्झौता रकम	सम्झौता मिति
१	ARM/W/NCB/R 2080/81-01	Construction of Kande Bhaudhare salyan sadak annapurna 3,4	२९३४५९६०.०		Arc D. Architectural and Engineering Services P.Ltd		२०८०।८।१९
२	ARM/W/NCB/Ws 2080/81-06	Ghandruk Water Supply Project, ARM-10,11 (Kotgau Uri area)	९३६६२६७.०	२६.६९	T.B Construction & Builders	६८६६७५६.०	२०८०।९।१६
३	ARM/W/NCB/B 2080/81-07	Construction Of Wada Number-06 Office Building	११५९३७४१.०	२९.१९	B.R. Dahal Construction & Suppliers Pvt.Ltd.	८२०९१९२.०	२०८०।१०।२६
४	ARM/W/NCB/B 2080/81-11	Construction of ColdStore	७५८५५९५.०	२०.७३	Three A Construction	६०१२९६२.०	२०८१।२।१०
५	ARM/W/NCB/R 2081/82-1	Construction/ Upgrading Lumle-Tanchowk-Bhichuk - Landruk Road	२८९९२८१९.०	२६.८२	M/ S Pashupati-Bhairab J.V.	२१२१६४२५.०	२०८१।९।१६
६	ARM/NCB/W/R/\ 2081/82-2	Construction of kande bhaudhare salyan Puranogau Rural Road	१५४७९३००.०	२७.०९	B.R. Dahal Construction & Suppliers Pvt.Ltd.	११२८५४८७.०	२०८१।९।४
७	ARM/W/NCB 2081/82-03	Construction of Deurali Dharapani Ranithok Sadak and Ward Office Compounding Work	२४९०४९४.६	१८.१४	B.R. Dahal Construction & Suppliers Pvt.Ltd.	२०३८६३५.०	२०८१।२।९
८	ARM/W/NCB/B	The	५१२०९६७.०	१८.०७	Everest To Sea	४१९५७४७.०	२०८१।

	2081/82-04	Construction of cold store (Roofing and Flooring Works)			Construction Pvt Ltd		११।१३
९	ARM/W/NCB/Ws 2081/82-05	Ghandruk Water Supply Project ARM-10,11 (Potlya Bhaisikharka Schematic)	१२९५३२१५.०	३२.५२	Sundar Pokhara Nirman sewa	८७४०४३५.०	२०८१। १२।२१
१०	ARM/SQ/W 2081/82-1(Re)	Construction of Naudada Police Chauki	१२०८२९८.०	२७.७८	BIG STONE Construction & Suppilers (P.) Ltd.	८७२६६९.०	२०८१। ९।५
११	M/W/SQ/B 2081/82-04(Re)	Construction of First Floor of Ward Office Building, Ward No. 07, Huadi, Kaski	१६०५६७४.०	८.९२	Mani Construction.	१४६२४२८.०	२०८१। ११।१५
१२	ARM/W/SQ/B 2081/82-05(Re)	Construction of First Floor of Ward Office Building, Ward No. 1, Naudada, Kaski	१९२१२६४.०	२०.८६	Everest To Sea Construction Pvt Ltd	१५२०४५०.०	२०८१। ११।१३
१३	ARM/SQ/G 2081/82-02	Procurement Supply and Delivery of Vet Medicine and Lab Equipment	१२३९३१८.८	२६.८५	Shivasarathi Vet Pharma Pvt. Ltd.	९०६५३२.१	२०८१। ९।१०
१४	ARM/SQ/G 2081/82-03	Procurement Supply and Delivery of Medicine and Surgical Items Of Annapurna	१९९९४८४.०	६१.६१	Rajshree Medihealth	७६७५५०.०	२०८१। १०।६
१५	ARM/SQ/G	Procurement,	१३९९४२५.९	१५.३०	B.R. Dahal Construction	११८५३७०.०	२०८१।

	2081/82-04	Supply and Delivery of Gabion Box and HDPE pipe			& Suppliers Pvt.Ltd.		११।२
१६	ARM/SQ/G 2081/82-05	Procurement of Laptops and Procurement, supply, delivery & installation of E-Attendance Machine Annapurna Rural Municipality, (wada 1-11) Kaski	१६५०९३०.०		Star Office International	१३१०८००.०	२०८२।२।१३
१७	ARM/SQ/G 2081/82-06	Procurement, supply, delivery installation of digital citizen carter and CCTV	१३८८७७०.०	३०.१०	Chitwan I.T. Solutions Pvt. Ltd	९७०७८३.०	२०८१।३।११
१८	ARM/W/NCB/B 2080/81-11	Construction of Cold Store	७५८५५९४.५		Three AConstruction&Suppliers	६११२९६२.१	२०८१।२।९

उल्लिखित ठेक्काहरुको सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

४७.१ **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ । उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ । निर्माण कार्यको कार्यसम्पन्न हुने समय रहेका ठेक्कामा त्रुटि सच्याउने दायित्व DLP 12 month सम्म रहने हुँदा बिमा अवधि सम्म मात्र रहेको देखियो । कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ ।

४७.२ **निर्माण कार्यतालिकाः** निर्माण व्यवसायिसँग भएको सम्झौता जेनेरल कन्डिसन अफ कन्ट्रयाक्टको बुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायीले प्रत्येक ३० दिनमा निर्माण कार्यतालिका अद्यावधिक नगरेमा रोक्का राख्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले सम्झौता बमोजिम प्रत्येक ३० दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन । सम्झौताको शर्त बमोजिमको पैसा रोक्का राख्नुपर्ने देखिन्छ । कार्यालयले पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरी कट्टा गर्नुपर्ने देखिन्छ । साथै निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद समेत गर्नुपर्ने देखिन्छ ।

४७.३

पेश्की घटी कट्टी: SCC को GCC 57.3 मा Advance Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 40% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । पालिकाले विभिन्न योजनाको पेश्की दिएको स्पष्ट विवरण नराखी भुक्तानी दिएको देखियो । उक्त भुक्तानी गर्दा सम्म पेश्की कट्टा भए नभएको यकिन गर्न सकिएन । सम्झौता अनुसार सम्झौता अंकको ३० प्रतिशत बढी भुक्तानी भएको पेश्की कट्टा गरेको प्रमाण पेश गर्नुपर्दछ । सम्झौता बमोजिम पेश्की कट्टा गरी प्रमाण पेश गर्नुपर्दछ ।

४७.४ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धी व्यवस्था रहेको छ । यस निर्माण कार्यको २ वटाको म्याद कार्यपालिकाको निर्णय अनुसार थप भएको देखियो । म्याद थप गरेको भएतापनि उल्लिखित कारणहरुको पुष्टि हुने गरी कागजात संलग्न गरेको देखिदैन । अद्यावधिक प्रगति विवरण, डेली डायरी नराखी स्ववीवेकीय तवरवाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

४७.५ **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security amount is Nrs. As per PPR Regulation and Bid रहेकोमा कार्यसम्पादन जमानतको धेरैको अपुग देखिन्छ । कार्यसम्पादन जमानत PPR Regulation and Bid अनुसार हुनुपर्दछ ।

४८ **ठेक्का तथा प्रस्ताव व्यवस्थापनः**

४८.१ **ठेक्काको पूर्वतयारीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। कार्यालयले वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने लगायतका पूर्व तयारीका कार्य नगरी ठेक्का लगाएको वा सडक, पुल तथा भवन निर्माण गर्ने ३१ वटा ठेक्काहरूमा पूर्व तयारीको काम समावेश गरी रू.७ करोड १ लाख ३७ हजार ८४१ को खरिद सम्झौता गरेको देखिन्छ । बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने कार्य ठेक्कामा समावेश गरी निर्माणको समय पनि पूर्व तयारीका काममा खर्चिनु पर्दा ठेक्काको समय र लागत वृद्धि भएको छ । नियमको पूर्ण पालना गर्नुपर्दछ ।

४८.२ **ठेक्का सम्झौताको पालनाः** खरिद सम्झौता अनुसार निर्माण कार्य गर्नुपर्दछ । यस कार्यालयले ३१ कामका रु रू.७ करोड १ लाख ३७ हजार ८४१ को खरिद ठेक्का सम्झौताको काम गराउदा बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको व्यवस्थाको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि सम्बन्धी विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको, लमसम ठेक्कामा नगद प्रवाहको अनुमान बेगर कार्यतालिका अद्यावधिक गर्ने गरेको, निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी गरेको, मोविलाइजेशन पेस्की काममा प्रयोग गरेको प्रमाण पेश नगरेको, निर्माण व्यवासायीबाट विशेष परिस्थितिको सूचना लिने नगरेको, एज बिल्ट नक्सा पेस नगर्ने निर्माण व्यवसायीको सम्झौतामा उल्लेख भए अनुसारको रकम रोक्का राख्ने नगरेको अवस्था छ । यसबाट ठेक्काको समय र लागत वढ्न जान्छ । ठेक्का सम्झौतानुसार निर्माण व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेस्की जमानत अन्य काममा प्रयोग गरेमा, ३० दिन भन्दा बढि अवधि काम रोकेमा, गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वयनमा आएका छैनन् । सम्झौताका उल्लिखित प्रावधानहरू कार्यान्वयन गराउन ठेक्का कार्यान्वयन गर्ने पदाधिकारीलाई थप जिम्मेवार बनाउनुपर्दछ ।

४९ **कण्टिन्जेन्सी खर्चः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २

प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी यस वर्ष रु. ७ लाख ३६ हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

५० **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजन रु.७०३९०००.० भएकोमा रु.६५३६१९४.० खर्च गरेको छ । जुन ९२.८६ प्रतिशत रहेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन् ।

५०.१ **कार्यक्रमबाट रोजगारी:** पालिकामा ५५८ जना सुचिकृत रहेकोमा पुरुष ३७ र महिला २८ गरी जम्मा ६५ जनालाई औषत १०० दिनले जम्मा ६५०० दिन रोजगारी दिएको देखिन्छ । यस कार्यक्रम मार्फत पालिकाको क्षेत्रभित्रमा सञ्चालन भएका २७ वटा सिडी बाटो सोलिङग पैदल मार्ग निर्माण, लगायतका कार्यहरु विवरण निम्नानुसार रहेका छन् ।

क्रस	कामको विवरण	योजनासङख्या	रोजगारसङख्या	जम्मादिन	औसतदिन	ज्यालाभुक्तानी	कैफियत
१	सिढी तथागोरेटोबाटो	२१	५४	५४००	१००	३८८८०००	
२	सोलिङ्ग	४	९	९००	१००	६४८०००	
३	पैदल मार्ग	२	२	२००	१००	१४४०००	
जम्मा		**२७**	**६५**	**६५००**	**१००**	**४६८००००**	

सञ्चालन गरिएका कार्यक्रम मार्फत धेरै बेरोजगार व्यक्तिहरुले अल्पकालीन रोजगारी प्राप्त भएता पनि दीर्घकालीन गरोजगारी दिने गरी कार्यक्रम सञ्चालन गरिएको पाइएन । यस कार्यक्रम मार्फत स्थानीयस्तरमा दीर्घकालीन रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गरिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५०.२ **उपलब्धीको समीक्षा:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन ।

५०.३ **सार्वजनिक सुनुवाई:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाईको प्रबन्ध मिलाउनुपर्छ ।

५१ **गरिबी निवारणको लघुउद्यम कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका,२०७७ पालना गर्नुपर्ने व्यवस्था छ । पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष रु.१२ लाख विनियोजन भएकोमा रु.८ लाख ६१ हजार खर्च भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

५१.१ **कार्यक्रम बाँडफाँटः** गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्देशिका अनुसार नै बजेट बाँडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची ३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको छैन । निर्देशिकाले उद्यमशीलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, प्रविधि हस्तान्तरण, लघु वित्तमा पहुँच तथा बजारीकरण सेवा लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले बजेट व्यवस्थापन गरेतापनि लघु उद्यममा सामाजिक परिचालन, लघु वित्तमा पहुँच तथा बजारीकरण सेवा गरी तिन शीर्षकमा विनियोजन गरेता पनि कार्यक्रम सञ्चालन गरेको देखिदैन । निर्देशिकाले तोकेभन्दा फरक तरीकाले खर्च गरेकोले कार्यक्रममा सुधार गर्नुपर्दछ ।

५१.२ **तालिममा उत्पादित सामाग्रीको बिक्री वितरण:** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुढा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्न तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण तथा वा प्रचार प्रसारको लागि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट सञ्चालित उद्यमशिलता सीप विकास तालिम अन्तर्गत जुत्ता चप्पलको १ वटा मौरी पालन सम्बन्धी २ वटा को तालिम विभिन्न उद्यमीहरुलाई प्रदान गरेका छन् । आगामी दिनहरुमा पालिकाबाट सञ्चालिन हुने यस्ता तालिम कार्यक्रमहरुबाट उत्पादन हुने सामान तथा वस्तुहरुको अभिलेख राख्ने व्यवस्था मिलाइनु पर्दछ ।

५१.३ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **८५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५१.४ **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन:** लघु उद्यम कार्यक्रमबाट लाभान्वित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ । यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा अद्यावधिक गरेको छैन । अभिलेख अद्यावधिक नभएका कारण विभिन्न चरणका तालिममा छुट्टाछुट्टै सहभागी हुन सक्ने पहिलो चरणको तालिम नलिएको व्यक्ति पछिल्लो चरणको तालिममा सहभागी हुन सक्ने सम्भावना रहन्छ । साथै हस्तान्तरित प्रविधि सदुपयोग भएको नहुन सक्ने समेत सम्भावना रहन्छ । तसर्थ gesimis.moics.gov.np को पुर्ण रुपमा प्रयोग गर्नुपर्दछ ।

५२ **सामाजिक सुरक्षा भत्ता वितरणः**

सामाजिक सुरक्षा सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित

स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले देहायमा उल्लेख भए अनुसारका लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरणमा यो वर्ष कुल रु.१३०१०६४१२.० खर्च लेखेको छ।

लाभग्राहीको विवरण	प्रथम त्रैमासिक		दोश्रो त्रैमासिक		तेश्रो त्रैमासिक		चौथो त्रैमासिक	
	लाभग्राही संख्या	निकासा रकम	लाभग्राहीसंख्या	निकासा रकम	लाभग्राहीसंख्या	निकासा रकम	लाभग्राहीसंख्या	निकासा रकम
अन्यजेष्ठ नागरिक	२५६२	३०४८८४९४	२६४४	३१३५१९६४	२६८२	३१९५६९४३	२७०३	३२४७१३२७
जेष्ठनागरिक भत्ता (दलित)	४५८	३६००५२५	४७०	३६७८७८०	४७३	३७६३९००	४७८	३८०३८००
जेष्ठनागरिक एकल महिला	२४२	१९३११६०	२३९	१८८३२८०	२२९	१८२७४२०	२२२	१७६६२४०
विधवा	३९६	३१०६८८०	४१३	३२४२५४०	४१९	३३१९६८०	४२८	३३९१५००
पूर्णअपाङ्ग भत्ता	१०७	१२८०७९०	१०८	१२८८७७०	११०	१२९१९६२	११०	१३४०६४०
अतिअशक्त अपाङ्गता भत्ता	१८९	१२१०८३२	१९०	१२१९३४४	१९३	१२३२११२	१९३	१२३०४६५
दलितबालबालिका	५०६	७७७६४९	५४३	८२१२६५	५४२	८३२१२२	५३४	८२८४५९
जम्मा	**४४६०**	**४२३९६३३०**	**४६०७**	**४३४८५९४३**	**४६४८**	**४४२२४१३९**	**४६६८**	**४४८३२४३१**

यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेको छ।

५२.१ **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी बन्द गर्नेतर्फ पालिकाको ध्यान केन्द्रीत हुनुपर्दछ।

५२.२ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण समिति गठन गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यहोराको पूर्णरुपमा पालना गर्नुपर्दछ।

५२.३ **निस्क्रिय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने बैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६(३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। बैंकले निस्क्रिय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकोले वितरित रकम यकिन हुन सकेन। पालिकाले बैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : अन्नपूर्ण गाउँपालिका, कास्की , अन्नपूर्ण गाउँपालिका , कास्की

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बिष्णु प्रसाद पोखरेल	२०८०-११-२३	२०८२-०६-२२
कार्यालय प्रमुख	चिरन्जिवी वराल	२०८२-०६-२३	हाल सम्म कार्यरत
लेखा प्रमुख	सरिता गौतम	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३०,१३१	०	६४५,२००	०	०	१९८,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					८७३,३३१
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					६७५,३३१
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१९८,०००

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३१८०११७८.८६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४०७७०६९१९.०३	चालु खर्च	३८४०५४५४७.९५
प्रदेश सरकारबाट अनुदान	२२२६०४५०	पूँजीगत खर्च	१५१३५८५२२
राजश्व बाँडफाँट	१०८६६९२३४.४७	वित्तीय/अन्य व्यवस्था	२२५३७५१४२.१४
आन्तरिक आय	१९९४९४९५.७६		
अन्य आय	२००४९९७२६.९६		
कुल आय	७५९०८५८२६.२२	कुल खर्च	७६०७८८२१२.०९
बाँकी मौज्दात		३००९८७९२.९९	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	११,६४,४४,०५७.३८	११,६४,४४,०५७.३८	१०,१६,२३,२३१.३९	१०,१६,२३,२३१.३९
१३०००	अनुदान	३९,९९,९०,५६४.१२	३९,९९,९०,५६४.१२	४०,९०,३६,७४६.००	४०,९०,३६,७४६.००
१४०००	अन्य राजस्व	१,९०,००,००६.५४	१,९०,००,००६.५४	१,२१,८६,९९९.२८	१,२१,८६,९९९.२८
१५०००	विविध प्राप्ति	०	०	९,५००.००	९,५००.००
क	**कुल जम्मा प्राप्ति**	५३,५४,३४,६२८.०४	५३,५४,३४,६२८.०४	५२,२८,५६,४७६.६७	५२,२८,५६,४७६.६७
३	चालु	३८,४०,५४,५४७.९५	३८,४०,५४,५४७.९५	३७,९७,६६,५२८.५६	३७,९७,६६,५२८.५६
२१०००	पारिश्रमिक / सुविधा	२७,२२,१५,२५८.९५	२७,२२,१५,२५८.९५	२६,६२,१२,०९१.५६	२६,६२,१२,०९१.५६
२२०००	मालसामान तथा सेवाको उपयोग	९,८५,८७,१२५.००	९,८५,८७,१२५.००	९,१४,६७,२८०.००	९,१४,६७,२८०.००
२६०००	अनुदान	६७,०५,२५०.००	६७,०५,२५०.००	१,७८,२५,९७७.००	१,७८,२५,९७७.००
२७०००	सामाजिक सुरक्षा	४८,८०,४६४.००	४८,८०,४६४.००	२४,९१,६०६.००	२४,९१,६०६.००
२८०००	अन्य खर्च	१६,६६,४५०.००	१६,६६,४५०.००	१७,६९,५७४.००	१७,६९,५७४.००
४	पूंजीगत	१५,१३,५८,५२२.००	१५,१३,५८,५२२.००	१९,३६,०९,९८३.००	१९,३६,०९,९८३.००
३१११०	भवन तथा संरचना	१,८४,७३,३२२.००	१,८४,७३,३२२.००	८६,२०,७१२.००	८६,२०,७१२.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	८२,८९,०७४.००	८२,८९,०७४.००	९३,५१,९६१.००	९३,५१,९६१.००
३११५०	सार्वजनिक निर्माण	१२,२३,५४,९७७.००	१२,२३,५४,९७७.००	१७,०१,४८,८८०.००	१७,०१,४८,८८०.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	२,९९,८०९.००	२,९९,८०९.००	०	०
३११७०	पूँजीगत सुधार खर्च	१९,४१,३४०.००	१९,४१,३४०.००	५४,८८,४३०.००	५४,८८,४३०.००

ख)	**कुल जम्मा भुक्तानी**	५३,५४,१३,०६९.९५	५३,५४,१३,०६९.९५	५७,३३,७६,५११.५६	५७,३३,७६,५११.५६
ग)	**बचत /कमी (ग = क-ख)**	२१,५५८.०९	२१,५५८.०९	(५,०५,२०,०३४.८९)	(५,०५,२०,०३४.८९)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)**	२२,०८,९७३.७०	२२,०८,९७३.७०	(४४,३६,१४६.००)	(४४,३६,१४६.००)
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**			-२,४८२.००	-२,४८२.००
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	२२,३०,५३१.७९	२२,३०,५३१.७९	(५,४९,५६,१८०.८९)	(५,४९,५६,१८०.८९)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	२,५४,१९,५५४.२०	२,५४,१९,५५४.२०	८,०३,७५,७३५.०९	८,०३,७५,७३५.०९
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	२,७६,५०,०८५.९९	२,७६,५०,०८५.९९	२,५४,१९,५५४.२०	२,५४,१९,५५४.२०

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको सम्बन्धित मार्गदर्शनमा तोकिए बमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ। साथै पुनहिल र तातोपानी कुण्ड लगायतका पर्यटकीय स्थलमा भ्रमण गर्ने आगन्तुकहरुको यथार्थ अभिलेख अद्यावधिक राखी सोही बमोजिम आय ठेक्का लगाउने र राजस्व सङ्कलन गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानून बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूह बारे कानूनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष लाभ पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौता बमोजिमको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप गर्ने कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधि भित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम हुने गरी शिक्षकहरूको दरबन्दी समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएको देखिएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फछ्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फछ्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानून तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फछ्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फछ्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगत रूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रमका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह प्रणाली तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।